# सौर्य दैनिक
SOURYA NATIONAL DAILY








वर्ष ८ | अंक ३४४ | बुधबार, २९ माघ २०७६ | Wednesday, 12 February 2020 | www.souryadaily.com | पृष्ठ ८ | मूल्य रू. ५


# ‘लो प्रोफाइल’का आइजिपी ज्ञवाली

## वरीयताअनुसार नै मन्त्रिपरिषद्द्वारा २७ औं महानिरीक्षक चयन



**एसएसपी हुँदा प्रहरी महानिरीक्षकको सचिवालय, केन्द्रीय अनुसन्धान ब्यूरो र बुटवल प्रहरी तालिम केन्द्रको ‘कमाण्डेण्ट’ रहिसकेका ज्ञवाली एसपी हुँदा कर्मचारी प्रशासन शाखा जिल्ला प्रहरी कार्यालय झापा, दाङ र बारा, महानगरीय प्रहरी अपराध महाशाखा प्रहरी प्रमुख बनेका थिए । कुनैपनि आर्थिक विवादमा नआएका उनी सञ्चारमाध्यमसँग त्यति नखुल्ने अनुदार स्वभावको अधिकृतका रूपमा चिनिन्छन्**

■ **सौर्य समाचार**

काठमाडौं । सरकारले वरीयतामा सबैभन्दा माथि रहेका ठाकुर ज्ञवालीलाई नै नेपाल प्रहरीको २७ औं महानिरीक्षक नियुक्त गरेको छ । २६ औं महानिरीक्षक बनाउँदा पनि वरीयतामा पहिलो स्थानमै रहेका सर्वेन्द्र खनाललाई नै बनाएको थियो ।

राजनीतिक खिचातानीले गर्दा त्यसअघि वरीयतालाई छेडछाड गरी पछाडी रहेकालाई महानिरीक्षक बनाउने प्रचलन थियो । तर, सरकारले पछिल्लो दुई महानिरीक्षक नियुक्त गर्दा भने वरीयतालाई नै प्राथमिकता दिन थालेको छ । जो अब्बल काम गर्छ उसैले नेतृत्व पाउछ भनेर सरकारले वरीयतामा तलमाथी नगरी प्रहरीको नेतृत्व छनौट गर्ने निर्णय गरेको एक मन्त्रीले जानकारी दिए । ३० वर्ष सेवा अवधिका कारण खनालले मंगलबारबाट अनिवार्य अवकास पाएपछि बुधबारबाट प्युठानका ज्ञवालीले प्रहरीको नेतृत्व सम्हाल्नेछन् ।

२०२२ असोज २८ गते साविकको वादीकोट गाविस-९ मा जन्मिएका ज्ञवाली संगठनमा इमान्दार र खरो स्वभावकका अधिकृतका रूपमा चिनिन्छन् । २६ औं महानिरीक्षक खनालसँगै सेवा प्रवेश गरेपनि त्यसबेला केही अधिकृतलाई पासआउटमा वैकल्पिक समूहमा राखेपछि उनको नियुक्ति पर धकेलिएको थियो । जसका कारण उनले प्रहरीको नेतृत्व सम्हाल्ने मौका पाएका हुन् । हाइटी, पूर्वी टिमोर, कोसोभोलगायत संयुक्त राष्ट्रसंघीय शान्ति मिसनका विभिन्न मिसनमा बसेर पनि सेवा गरेका ज्ञवाली आईजीपी हुनु अघि प्रदेश-१ का प्रहरी प्रमुखका रूपमा कार्यरत थिए ।

प्रहरी सेवामै करिब ३० वर्ष बिताएका नवनियुक्त प्रहरी महानिरीक्षक ज्ञवाली आमरूपमा कमै चिनिएका पुलिस अफिसरमा पर्छन् । ‘लो प्रोफाइल’मा रहेर सदैव काम गर्न रूचाउने उनको शैली नै प्रमुख हतियार हो । आमरूपमा जसरी उनी कम चर्चामा छन्, प्रहरी संगठनभित्र भने उनको बेग्लै छवि छ । ज्ञवालीको चर्चा केही दिनदेखिमात्र मिडियामा छाउन थालेपछि मानिसले चासो दिन थालेका हुन् ।

२५ असार २०४७ मा प्रहरी निरीक्षक (इन्स्पेक्टर) बाट सेवा सुरु गरेका ज्ञवालीको सुरुको पोस्टिङ प्रहरी प्रधान कार्यालयको अपराध अनुसन्धान विभागमा भएको थियो । २०५८, वैशाख १८ गते डीएसपी, २०६६ मंसिर ३ गते एसपी, २०७३ असार २८ गते एसएसपी र २०७५ असोज २८ मा उनी डीआईजीमा बढुवा भएका थिए । एसएसपी हुँदा प्रहरी महानिरीक्षकको सचिवालय, केन्द्रीय अनुसन्धान ब्यूरो र बुटवल प्रहरी तालिम


**बाँकी पृष्ठ २**


# ‘भ्रष्टचारीमा निर्लज्जता थपियो’



■ **सौर्य समाचार**

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारले संवैधानिक निकायलाई स्वतन्त्रतापूर्वक काम गर्न दिएको बताएका छन् । उनले कुनै पनि संवैधानिक निकाय र अंगहरूलाई सरकारले कुनै पनि निर्देशन वा आदेश नदिएको स्पष्ट पारे ।

ललिता निवास जग्गा अनियमितता प्रकरणमा सरकारको आदेशमा अख्तियारले मुद्दा लगाएको भन्दै प्रमुख प्रतिपक्ष नेपाली कांग्रेसलगायतले आलोचना गरिरहेका वेला प्रधानमन्त्रीले अख्तियारकै कार्यक्रममा सो कुरा बताएका हुन् । मंगलबार हलचोकस्थित सशस्त्र प्रहरी मुख्यालयमा अख्तियार अनुसन्धान दुरुपयोग आयोगको २९ औं वार्षिकोत्सवमा प्रधानमन्त्री ओलीले भने, ‘सरकारले अख्तियारलाई आदेश दियो भनेर मान्छेमा भ्रम छर्ने कोसिस भएको छ । संवैधानिक निकायलाई स्वतन्त्रतापूर्वक काम गर्न दिइएको छ ।’

ओलीले आफू भ्रष्टचार पनि नगर्ने र भ्रष्टाचार गर्न पनि नदिने दोहोऱ्याए । भ्रष्टाचार नभए देश बन्ने तर भ्रष्टाचार हुँदा मुलुकको आधा प्रतिफल भ्रष्टचारले खाने उनको भनाइ थियो । ‘सरकारले अख्तियारलाई कहिले दबाब दिन्छ, कहिले निर्देश गर्छ, कहिले आदेश गर्छ, कहिले के गर्छ, भनेर प्रचार गरिएको छ’, उनले भने, ‘यस्तो होइन् । म सरकारको कार्यकारी प्रमुखको हिसाबले भन्छु, सरकार संवैधानिक निकाय र अंगहरूलाई स्वतन्त्र हिसाबले काम गर्न दिन्छ । र त्यसमा हस्तक्षेप गर्ने मनसाय नै राख्दैन । हस्तक्षेप गर्ने प्रश्न नै आउँदैन ।’

प्रधानमन्त्री ओलीले अगाडि रहेका संवैधानिक निकायका प्रमुख र सदस्यलाई इंगित गर्दै भने, ‘सरकारले कहीं कतै पनि यसो गर्नुहोस्, उसो गर्नुहोस् भनेको छैन । सरकार त्यस्ता कुराभन्दा पनि भन्दैन र सरिक पनि हुँदैन ।’ प्रधानमन्त्री ओलीले सदाचारीभन्दा भ्रष्टाचारीले भ्रष्टाचारको बारेमा चर्को बोल्ने गरेको बताए । उनले समाजमा भ्रष्टाचारसँगै निर्लज्जता थपिएकाले कहाँ भ्रष्टाचार छ, कहाँ सदाचार छ, छुट्याउन नै गाह्रो परेको बताए । ‘पहिले पहिले समाजमा बदमासी गर्नेहरूलाई तामा, कुश छुन लगाउँदा उसले घोसेमुन्टो लगाउँथ्यो । तर,

> **पहिले पहिले समाजमा बदमासी गर्नेहरूलाई तामा, कुश छुन लगाउँदा उसले घोसेमुन्टो लगाउँथ्यो । तर, अहिले कोही पनि घोसेमुन्टो लगाउँदैनन् । अर्थात भ्रष्टाचारमा निर्लज्जता थपिएको छ । घोसेमुन्टो कसैले लगाउँदैनन् । त्यसकारण कहाँ सदाचार छ कहाँ भ्रष्टाचार छ, छुट्याउन गाह्रो छ**

अहिले कोही पनि घोसेमुन्टो लगाउँदैनन् । अर्थात भ्रष्टाचारमा निर्लज्जता थपिएको छ । घोसेमुन्टो कसैले लगाउँदैनन् । त्यसकारण कहाँ सदाचार छ कहाँ भ्रष्टाचार छ, छुट्याउन गाह्रो छ’, प्रधानमन्त्रीको भनाइ थियो ।

भ्रष्टचारको विषयलाई पक्षधरताको विषय बनाउन खोजिएकोमा पनि उनले असन्तुष्टि व्यक्त गरे । ‘सदाचार बनाउने विषयलाई वयैक्तिक, समूहगत, स्वार्थ वा पक्षधरता, आफ्नो वा अर्को, वरको वा परको, जस्तो हिसाबले हेर्न थालियो र यो मेरो यो तेरो भन्न थालियो भने विस्तारै कारबाही पनि गर्न नसकिने अशतक्ताको अवस्थामा पुग्छ’, उनले भने, ‘त्यो रोक्नै नसक्ने अवस्थातिर जान्छ ।’ उनले कसैलाई पनि भ्रष्टचारको विषयलाई पक्षधरताको विषय नबनाउन आग्रह गरे । भ्रष्टचारलाई निष्पक्षताको विषय बनाउनुपर्ने बताउँदै जे आचरण, व्यवहार भएको छ त्यसअनुसारको विषय बनाउन जोड दिए ।

प्रधानमन्त्री ओलीले सबै अंगलाई संवैधानिक र कानुनी दायरामा रहेर कर्तव्य पालना गर्ने काममा निर्वाध अवसर प्रदान गरिएको बताए । सरकारको तर्फबाट हस्तक्षेप, आग्रह केही पनि नभएको र हुँदा पनि नहुने बताउँदै मान्छेहरूमा भ्रम छर्ने कोसिस भएकोमा आक्रोशसमेत पोखे ।

उनले अख्तियार धेरै आशीर्वाद पाउने ठाउ नभएको भन्दै नआत्ति निष्पक्षताका साथ काम गर्नुपर्नेमा जोड दिए । ‘यो धेरै आशीर्वाद पाउने ठाउ होइन, जसले भ्रष्टचार गर्छ त्यसलाई कारबाही गर्नुपऱ्यो, कारबाही गरेपछि त्यसले सरापिहाल्छ । यो गाली खाने काम हो । उसले मात्र होइन उसका नातागोता सबैले सरापछन्’, अख्तियारका पदाधिकारीलाई सम्बोधन गर्दै भने, ‘यी सबैसँग नआत्तिएर काम गर्नु, आफ्नो निष्पक्षताका साथ काम गर्नु, दृढता कायम गर्नु, आफ्नो कर्तव्य पथमा अडिग रहेर अगाडि बढ्नु महत्वपूर्ण कुरा हो ।’

अख्तियारले भ्रष्टचार नियन्त्रणका विषयमा अझ प्रभावकारीता बढाउनु जरुरी रहेको समेत औंल्याए । उनले सुशासन र विकासको गतिमा सरकार अगाडि बढेकाले सुशासनका लागि भष्टचार नियन्त्रण पहिलो काम भएको उल्लेख गरे ।

# नि:शुल्क २० किलो चामल



■ **मानदत्त रावल**

जुम्ला । सरकारले कर्णालीलगायतका हिमाली जिल्लामा दिँदै आएको जन्म र मृत्यु भएका प्रतिघरपरिवारलाई २० किलो चामल कार्यक्रम प्रभावकारी बन्दै गएको छ ।

यो कार्यक्रमअन्तर्गत सेवाग्राहीले चामल लिन आएबापत ज्यालासमेत पाउने गरेका छन् । घोषणा हुँदा अर्थात तीन वर्षअघि कार्यक्रम निकै आलोचना भएको र विवादमा समेत आएको थियो, तर पछिल्लो समय जन्म र मरणमा नि:शुल्क २० किलो चामलसहित ज्याला लिनेको भीड बढेसँगै उक्त कार्यक्रम प्रभावकारी बन्दै गएको हो ।

विसं २०७३ भदौमा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले व्यवस्थापिका संसद्मा ४८ बुँदे कार्यक्रम प्रस्तुत गर्दै बुँदा नं २७ मा कर्णाली क्षेत्रमा जन्म र मरणमा प्रतिपरिवार नि:शुल्क २० किलो चामल दिने घोषणा गरेका थिए । घोषणापछि कर्णालीवासीले आफूलाई अपमान र मगन्ते बनाएको भन्दै तत्कालीन प्रतिपक्षलगायत अन्य व्यक्तिले आपत्तिसहित चौतर्फी विरोध पनि जनाए । कर्णालीलाई सडक, सञ्चार, विद्युत, शिक्षा, स्वास्थ्यको आवश्यकता हो, २० किलो चामल होइन भन्दै यहाँका राजनीतिकर्मीले तत्कालीन प्रधानमन्त्री प्रचण्डलाई चामलको पोकोसमेत फिर्ता पठाए ।

अन्तत: राजनीतिकर्मीको चर्को विरोधले न त यो कार्यक्रम स्थगन नै भयो न त गरीब विपन्न नागरिकले सेवा लिन नै छाडे । चौतर्फी विरोधका कारण सुरु सुरुमा विपन्न नागरिकले जन्ममरणमा २० किलो चामल र ज्याला लिनसमेत निकै अप्ठ्यारो महसुस गरे तर अप्ठ्यारो महसुसले मात्रै समस्या समाधान नभएपछि विपन्न नागरिकले विस्तारै जन्म र मरणमा खाद्य संस्थानमार्फत् चामल लिन सुरु गरेका हुन् । अधिकांश ठूलाबडा तथा हुनेखानेले यो कार्यक्रमको बढी आलोचना गरे पनि विपन्नलाई सेवा लिनबाट भने कसैले रोक्न सकेन ।

विसं २०७३ फागुन १८ गते पहिलो पटक चन्दननाथ नगरपालिका- ८ कि रूपा रावतले सन्तान जन्मिदा २० किलो चामल नि:शुल्क बुझेपछि लगातार सेवा लिनेको सख्या बढ्दै गएको तथ्यांक खाद्य संस्थान जुम्लामा अभिलेख छ । हुनेखानेले यो कार्यक्रमको आलोचना गरे पनि निम्नआयस्तर भएका गरीबलाई यो कार्यक्रमले निकै राहत गरेको छ, सेवा लिएपछि तिला गाउँपालिका-४ का लंक दमाइँले भने, ‘काम गरेर भोको पेट पाल्ने हामीजस्तालाई २० किलो चामल र एक हजार रुपैयाँ सित्तैमा पाउनु भनेको ठूलै कुरो हो ।’

नेपाल खाद्य संस्थान शाखा कार्यालय जुम्लाका प्रमुख तिलक सुनारका अनुसार जन्म र मृत्युमा चन्दननाथ नगरपालिकाभित्रका प्रतिपरिवार २० किलो चामल, पातारासी, गुठिचौर र तातोपानी गाउँपालिकाभित्र २० किलो चामल र पाँच सय रुपैयाँ ज्याला उपलब्ध गराउने गरेको छ । त्यसैगरी हिमा, सिञ्जा र कनकासुन्दरी गाउँपालिकाभित्र २० किलो चामल र एक हजार यातायात खर्चस्वरुप उपलब्ध गर्दै आइएको छ । उनले भने, ‘मृत्युभन्दा जन्ममा सेवा लिनेको संख्या बढ्दो छ ।’

संस्थानको तथ्यांकअनुसार जुम्लामा मात्रै यस कार्यक्रमबाट चालू आर्थिक वर्षको माघ अन्तिमसम्म २८१ जनाले ५६


**बाँकी पृष्ठ २**


# उद्धारपछि खरिपाटीमा राखिने

■ **सौर्य समाचार**




काठमाडौं । सरकारले चिनको वुहानमा रहेका नेपालीका लागि आगामी शनिबार नेपाल वायु सेवा निगमको वाइडबडी विमान पठाउने निर्णय गरेको छ । मन्त्रिपरिषद् बैठकले विमान पठाउने निर्णय गरेपछि निगमले चिन पठाउने पाइलटसहितको टोली पनि छनोट गरेको छ ।

छनोट भएका पाइटलसहितको टोलीलाई बुधबार आवश्यक तालिम प्रदान गर्ने भएको छ । निगमका निर्देशक एंव पाइलट दिपुराज ज्वारचनले चीन जाने पाइलटसहितका अन्य सदस्य छानिसकेको जानकारी दिए । निगमले तीन जना पाइलट, ६ जना क्रु मेम्बर, दुई जना इन्जिनियर, एक जना लोड मास्टरसहित अर्का एक जना गरी १२ जनाको टोली छनोट गरेको छ । सबै १२ जनालाई बुधबार स्वास्थ्य मन्त्रालयको समन्वयमा निगमकै अपिसमा तालिम दिने भएको छ । ‘पाइलटसहितको क्रु मेम्बरलाई यात्रुसँग कसरी व्यवहार गर्ने, के गर्न हुने, के गर्न नहुने भन्ने विषयमा मन्त्रालयका प्रतिनिधिले तालिम दिनेछन्’, निर्देशक ज्वारचनले भने ।

निगमको एयरबस ३३०-२०० सिरिजको दुई सय ७४ सिटे जहाज चीनको वुहान पठाउने छ । चीनबाट ल्याइने उनीहरूलाई खरिपाटीस्थित विद्युत प्राधिकरणको भवनमा राखिने छ । खरिपाटीका स्थानीयले यसअघि विरोध गर्दै आएकोमा मंगलबार सहमति भएको छ । स्वास्थ्य मन्त्रालयका प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, तीनवटै सुरक्षा निकाय र स्थानीयबीच सहमति भएको हो । छलफलमा स्थानीयले विरोध नगर्ने प्रतिबद्धता जनाएका छन् । चीनबाट ल्याइने नेपालीको निगरानीका लागि ८६ जना स्वास्थ्यकर्मीलाई तालिम दिइएको छ ।

नेपालीलाई क्वारेन्टाइनमा राख्न सरकारले १ सय ९९ वटा बेड तयार पारेको छ । कोरोना भाइरस संक्रमित क्षेत्रबाट उद्धार गरी ल्याइने नेपालीलाई क्वारेन्टाइनमा राख्न भक्तपुरको खरिपाटीमा चारवटा ब्लकमा १ सय ९९ वटा बेड तयार पारेको स्वास्थ्य तथा जनसंख्यामन्त्री भानुभक्त ढकालले जानकारी दिए ।

मंगलबार प्रतिनिधिसभाको शिक्षा तथा स्वास्थ्य समितिमा उनले नेपालीको उद्धार गर्न स्वास्थ्यकर्मी र विमानका चालक दलका सदस्य गरी ८५ जनालाई तालिम दिएको मन्त्री ढकालले बताए । चीनबाट स्वदेश फर्किन चाहने १ सय ८५ नेपालीलाई एकैपटक नेपाल ल्याउने र विमानस्थलमा स्वास्थ्य जाँच गरेर सिधै भक्तपुरको खरिपाटीस्थित नेपाल विद्युत प्राधिकरणको तालिम केन्द्रमा बनाइएको क्वारेन्टाइनमा राख्ने सरकारको तयारी छ ।

विमानस्थलमा ज्वरो आएको पाइएमा टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पतालमा भर्ना गरिने मन्त्री ढकालले जानकारी दिए । सरकारले कोरोना भाइरस संक्रमितको उपचारका लागि सरकारी र निजी अस्पतालमा गरी १ सय ४७ वटा आइसोलेसन वार्ड तयार पारेको छ । चीनबाट नेपाल ल्याइने नेपालीलाई १४ दिनसम्म क्वारेन्टाइनमा राखिने र संक्रमण नभएको पुष्टि भएपछि मात्र घर जान दिइने मन्त्री ढकालले बताए । उद्धारका लागि करिब १२ करोड रुपैयाँ अनुमानसहित बजेट पनि स्वीकृत गरेको छ ।

# एनएमएमा लोकतान्त्रिक प्यानल विजयी

■ सौर्य समाचार

काठमाडौं । नेपाल चिकित्सक संघ (एनएमए) निर्वाचनबाट अध्यक्षमा लोकतान्त्रिक प्यानलका डा. लोचन कार्की विजयी भएका छन् । डा. कार्कीले ४ हजार १ सय ११ मत प्राप्त गर्दै विजयी हासिल गरेका हुन् । उनका निकटम प्रतिद्वन्द्वी पेसागत समावेसी प्यानलका उम्मेदवार डा. पुष्पमणि खरालले १ हजार ९ सय ९७ मत पाएका थिए ।

अध्यक्षमा विजयी कार्कीको मत खरालको भन्दा २ हजार १ सय ३२ बढी हो । वरिष्ठ उपाध्यक्षमा लोकतान्त्रिक प्यानलका डा. शिवप्रसाद श्रेष्ठ विजयी हात पारे । उनले ३ हजार ५ सय ९५ मत हात पारे । उनकी प्रतिस्पर्धी पेसागत समावेसी समूहकी उम्मेदवार रक्षा श्रेष्ठले २ हजार २ सय ६२ मत हात प्राप्त गरिन् । यस्तै, उपाध्यक्षमा लोकतान्त्रिक प्यानलका अनिलविक्रम कार्कीले ३ हजार ९ सय ४५ मत ल्याएर विजयी भए । पेसागत समावेसीका डा. रन्जितकुमार झाले १ हजार ९ सय ५४ मत प्राप्त गरे । अध्यक्षपछिको प्रमुख पद मानिने महासचिवमा लोकतान्त्रिक प्यानलका डा. बद्री रिजाल विजयी भए । उनले २ हजार ४ सय ३१ मत ल्याएका थिए भने उनका प्रतिस्पर्धी पेसागत समावेसी समूहका महासचिवका उम्मेदवार डा. मधुर वस्नेतले १ हजार ३ सय ७८ मत ल्याएका थिए ।



स्वतन्त्रतर्फका उम्मेदवार डा. दीपेन्द्र पाण्डेले १ हजार ३ सय १ र अर्का स्वतन्त्र उम्मेदवार डा. अजयकुमार मिश्रले ८६९ मत प्राप्त गरे । सह-सचिवमा लोकतान्त्रिकका निरजकुमार सिंह ३ हजार ७ सय ९० मत ल्याएर विजयी भए । उनका प्रतिद्वन्द्वी पेसागत समावेसीका डा. शैलेन्द्र झाले १ हजार ८ सय ९४ मत ल्याएका हुन् । यस्तै कोषाध्यक्षमा लोकतान्त्रिक प्यानलका डा. प्रकाश बुढाथोकीले ३ हजार २ सय ७८ मतका साथ विजयी भए । उनका प्रतिद्वन्द्वी पेसागत समावेसीका उम्मेदवार डा. सञ्जितकुमार साहले २ हजार ५ सय ७९ मत ल्याए । सह-कोषाध्यक्षमा पनि लोकतान्त्रिक प्यानलका उम्मेदवार डा. विश्वराज दवाडीले ३ हजार ९ सय ३५ मत ल्याएर विजयी भएका थिए भने उनका प्रतिस्पर्धी पेसागत समावेसीका उम्मेदवार डा. उदयनारायण सिंहले १ हजार ९ सय ४२ मत ल्याए । ७ सदस्यमध्ये ६ जनामा लोकतान्त्रिक प्यानलले विजय हात पारेको छ भने एकमा पेसागत समावेसीका उम्मेदवार विजयी भएका छन् ।

त्यस्तै एनएमएका नवनिर्वाचित अध्यक्ष डा. लोचन कार्कीले आफ्नो टिमले निर्वाचनका समयमा आफूहरूले गरेको प्रतिवद्धता पूरा गरेर देखाउने बताएका छन् । मंगलबार निवर्तमान कार्यसमितिले नयाँ कार्यसमितिलाई बधाइ दिन राखेको कार्यक्रममा डा. कार्कीले सम्पूर्ण चिकित्सकसामु गरेको प्रतिबद्धता कार्यान्वयनमा लान तत्कालदेखि नै सुरु गर्ने बताए । अमूल्य मत दिएर भारी मतान्तरका साथ जिताउने सम्पूर्ण मतदातालाई धन्यवाद दिँदै अध्यक्ष कार्कीले उनले भने, 'यो खुसीको क्षणसँगै जिम्मेवारी थपिएको छ । हामी सबै चिकित्सकलाई साथमा लिएर ३ वर्षसम्म चिकित्सा क्षेत्रका समस्या समाधानमा लाग्छु, लाग्छौं ।'

डा.कार्कीले नेपाल मेडिकल काउन्सिलले गर्ने गरेको सिपिडी प्रोग्रामलाई पुनः संघमा फर्काउने प्रतिबद्धतासमेत व्यक्त गरे । उनका अनुसार चिकित्सकहरूको छाता संगठन नेपाल चिकित्सक संघमा बढीभन्दा बढी गैरसरकारी तथा सरकारी चिकित्सकलाई आबद्ध गराउन प्रयत्न गन हो । उनले थपे, 'हिजोको दिनसम्म प्रतिस्पर्धामा उत्रिए पनि आजबाट पेसागत हकहितका लागि सबैसित मिलेर अघि बढ्नेछु । चिकित्सा क्षेत्र र नेपाली जनताको सेवामा समर्पित हुन्छु । डा. कार्कीले अध्यक्षमा निर्वाचित भएसँगै आफू कुनै प्यानल र जातविशेषको नरहेको स्पष्ट बताए । 'अहिल्यैदेखि म लोचन कार्की होइन, सबैको लोचन डाक्टर हुँ, । कुनै जात, गुट वा प्यानलभन्दा माथि उठेर समग्र पेसाकर्मी र चिकित्सा क्षेत्रको हकहितका लागि काम गर्नेछु ।'

कार्यक्रममा संघका पूर्वअध्यक्षहरूले नयाँ कार्यसमितिलाई बधाइ दिँदै मार्गनिर्देश समेत गरेका थिए । पूर्वअध्यक्ष डा. आनन्दप्रसाद श्रेष्ठले नयाँ कार्यसमितिलाई चिकित्सकको सुरक्षाको ग्यारेन्टीका लागि काम गर्न सुझाव दिए । त्यसगरी, पूर्वअध्यक्ष डा. केदारनर सिंह केसीले सम्पूर्ण चिकित्सकको समस्या हल गर्न नयाँ समितिलाई अनुरोध गरे ।

# अप्ठ्यारो परे मलाई भन्नुहोस् : *प्रधानमन्त्री*

■ सौर्य समाचार

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले सरकार तथा निजी क्षेत्रको साझा प्रयासबाट मात्र मुलुकको समृद्धि सम्भव हुने बताएका छन् । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा मंगलबार यहाँ आयोजित 'महत्वपूर्ण व्यावसायिक व्यक्ति' (सिआइपी) सम्मान एवं सुशोभन समारोहलाई सम्बोधन गर्दै उनले सरकार निजी क्षेत्रसँग सहकार्य गर्न तयार रहेको पुनः दोहोऱ्याए । उनले निजी क्षेत्रको अप्ठचारा र असुविधा सम्बोधन गर्न सरकार तयार रहेको बताए । निर्यात व्यापारमा देखिएका समस्या समाधान गर्न सरकारले पहलकदमी लिएको उदाहरण दिँदै उनले भने, 'केही समयअघि सुपारी, अदुवा तथा पाम आयलको निर्यातमा समस्या थियो, अहिले समस्या समाधान भएको छ, निर्यातका विभिन्न क्षेत्रमा सरकारले सहजीकरण गरिरहेको छ ।'

उत्पादन वृद्धि, रोजगारी सिर्जना तथा आयात प्रतिस्थापन र निर्यात अभिवृद्धिमा लाग्न निजी क्षेत्रलाई आग्रह गर्दै प्रधानमन्त्री ओलीले सरकारका तर्फबाट निजी क्षेत्रलाई पूर्णरूपमा साथ रहने विश्वास दिलाए । 'ढुक्क हुनुहोस्, विश्वस्त भएर काम गर्नुहोस्", व्यवसायीलाई आश्वस्त पार्दै प्रधानमन्त्री ओलीले भने, "यदि कुनै अप्ठचारो आए मलाई भन्नुहोस् ।'

राजनीति परिवर्तनपछि मुलुक आर्थिक समृद्धिको चरणमा रहेको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले अबका प्रयास सुशासन र आर्थिक विकासमा केन्द्रित हुने बताए । 'अब हामी नयाँ मार्गमा उत्साहित भएका छौं, सिङ्गो देश विकासको काममा नलागी सुशासन र विकास सम्भव छैन', उनले भने, 'विकास र समृद्धिका लागि निजी क्षेत्रको सामूहिक सहयोगको खाँचो छ, सुशासन र देश विकासमा हाम्रो सामूहिक प्रयास लगाउनुपर्छ ।'

विकास र समृद्धिको मामिलामा सरकार र निजी क्षेत्रको समान धारणा रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले अब सुशासनमा पनि एक मत हुनुपर्ने बताए । सुशासन विकास र समृद्धिको बाधक नभएको प्रस्टचाउँदै उनले पारदर्शिता, स्वच्छता र कानुनको परिपालना गर्न निजी क्षेत्रलाई आग्रह गरे ।

निजी क्षेत्रलाई लगानीमा सहजीकरण गर्न सरकारले विभिन्न प्रयास अगाडि बढाएको जानकारी दिँदै प्रधानमन्त्रीले लगानीको वातावरण बनाइएको बताए । 'एकल बिन्दु सेवा स्थापना गरिएको छ, लगानीको वातावरण बनाइएको छ, बैंक, वित्तीय संस्था र उद्योगीका बिमा उचित र सन्तुलित सम्बन्ध होस्, सरकार र व्यवासयीबीच पनि सौहार्द्रपूर्ण सम्बन्ध होस् हामी यही चाहेका छौं ।' सो अवसरमा उद्योग, वाणिज्य तथा आपूर्ति राज्यमन्त्री मोतिलाल दुगडले मुलुकको आर्थिक समृद्धिमा निजी क्षेत्रको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै सिआइपी सम्मानबाट निजी क्षेत्रको मनोबल बढेको बताए । मुलुकका लगानीको वातावरण बनाउन सरकार सदैव क्रियाशील रहेको बताउँदै उनले भने, 'राज्य सधैँ व्यवासयीको साथमा छ, हामी व्यापार-व्यवसाय गर्न कुनै व्यवधान आउन दिँदैनौँ । उद्योगी व्यवसायीको मनोबल खस्कन दिँदैनौँ, ढुक्क भएर लगानी गर्नुहोस् ।'

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव डा.बैकुण्ठ अर्यालले सम्मानबाट मुलुकको अर्थतन्त्रको विकासमा लाग्न व्यवसायीलाई प्रोत्साहन मिल्ने विश्वास व्यक्त गरे । कार्यक्रममा सम्मानित व्यक्तित्व एवं नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष भवानी राणाले सिआइपी सम्मानबाट व्यवसायीमा उत्साह थपिएको बताए । निजी क्षेत्र सरकारसँग हातेमालो गर्दै हिँडेको उल्लेख गर्दै उनले समृद्धिको यात्रामा सहकार्य गर्न तयार रहेको बताए ।

# अझै सम्पन्न भएन 'सर्भिस ट्रयाक'

■ सौर्य समाचार

काठमाडौं । कोटेश्वर-कलंकी सडक खण्डमा हालसम्म 'सर्भिस ट्रयाक' निर्माण सम्पन्न हुन सकेको छैन । सो खण्ड विस्तार कार्य सम्पन्न भएको लामो समय बितिसक्दा पनि ट्रयाकले गति लिन नसकेको हो ।

चीन सरकारले मुख्य र सहायक गरी आठ लेन सडक निर्माण गरिदिएको थियो । नेपाल सरकारले सडकको दुवैतर्फ एक-एक लेन निर्माण गर्ने गरी सम्झौता भएको थियो । सो खण्डको मर्मत दुई वर्ष पहिले सुरु भएपनि अझैसम्म सम्पन्न हुन नसकेको बताइएको छ । कतिपय स्थानमा जग्गा कारण मार्ग निर्माण हुन नसकेको काठमाडौं चक्रपथ सुधार योजनाले जनाएको छ ।



कोटेश्वर, एकान्तकुना, बल्खुलगायतका विभिन्न स्थानमा सो समस्या रहेको योजना प्रमुख अमृतमणि रिमालले जानकारी दिए । कोटेश्वर सूर्यकोट मार्गबाट बालकुमारी पुलसम्म तीन वटा घर सडकको अधिकार क्षेत्रमा रहेका कारण मार्ग निर्माणअघि बढ्न सकिरहेको छैन । त्यस्तै, एकान्त कुनामा रहेको तिब्बती शरणार्थी क्याम्प पनि सडकको अधिकार क्षेत्रमा परेको छ । उनले भने, 'यी संरचना हटाउन नसक्दासम्म हामीले चाहेर पनि सडक निर्माण गर्न सकिँदैन ।' सडकको लम्बाइ झन्डै १० किमी रहेको छ । चीन सरकारको सहयोगमा २०७२ मा सो सडकको निर्माण सुरु भई गतवर्ष सरकारलाई हस्तान्तरण गरिएको थियो । नेपालको पहिलो आठ लेन सडकका रूपमा रहेको सो सडकमा पर्ने तीन आकाशे पुल चीन सरकारले नै निर्माण गरिदिएको थियो । खसी बजारदेखि कलंकीसम्मको 'अन्डर पास' नेपालको पहिलो हो । चीन सरकारकै सहयोगमा कलंकीबाट धोबीखोलासम्मको सडक पनि आठ लेनमै विस्तार हुने जनाइएको छ । सो सडक खण्डमा पनि 'सर्भिस ट्रयाक' निर्माण गर्ने सहमति भएको सडक विभागले जनाएको छ ।

## लो प्रोफाइल...

केन्द्रको 'कमाण्डेण्ट' रहिसकेका ज्ञवाली एसपी हुँदा कर्मचारी प्रशासन शाखा जिल्ला प्रहरी कार्यालय झापा, दाङ र बारा, महानगरीय प्रहरी अपराध महाशाखा प्रहरी प्रमुख बनेका थिए । कुनैपनि आर्थिक विवादमा नआएका उनी सञ्चारमाध्यमसँग त्यति नखुल्ने अनुदार स्वभावको अधिकृतका रूपमा चिनिन्छन् ।

उनले जहाँ जहाँ काम गरे, जुन जुन यूनिटको नेतृत्व गरे-त्यहाँ बेग्लै छाप छोडेका छन् । उनले जसको मातहतमा काम गरे, तिनलाई बेग्लै नतिजा दिलाएका छन् । जिल्लाको कमाण्ड गर्दा होस् या अन्य इकाईको, ज्ञवालीका सिनियरहरू उनको व्यावसायिकताको खुलेर प्रशंसा गर्छन् ।

उनी काठमाडौंमा कार्यरत रहँदा आईजीपी, एआईजी र डीआईजीहरू मात्र रहने नेपाल प्रहरीको नीतिगत निकाय 'पोलिसी कोअर्डिनेसन कमिटी- पीसीसी' बैठकमा उनलाई नछुटाई बोलाउँथे । प्रहरी नियमावलीअनुसार ज्ञवालीको पदावधि जम्मा पाँच महिनाको हुनेछ । अर्थात, आउँदो २५ असारमा उनले नियमावलीको ३० वर्ष सेवा अवधिसम्बन्धी प्रावधानका कारण अनिवार्य अवकाश पाउनेछन् । यो पाँच महिना उनका लागि निक्कै कठिन हुनेछ । प्रहरीले सुल्टाउन नसकेका केही कार्यको जिम्मेवारी उनको काँधमा आएको छ । निर्मला पन्त बलात्कार-हत्याका दोषी डेढ वर्षसम्म पत्ता नलाग्नु लगायतका कतिपय घटनाक्रमले गिजोल्दा जनस्तरमा प्रहरीको छवि खस्केको छ । एकातिर अपराधको ग्राफ उकालो लागिरहेको छ, अर्कोतर्फ प्रहरीको क्षमतामाथि आमरूपमै प्रश्न उठिरहेको छ । पछिल्लो हाईप्रोफाइलहरू अपराधमा मुछिएका घटनाहरू धमाधम आईरहेका बेला उनी नेतृत्वमा आएका हुन् ।

सेवानिवृत्त हुँदैगरेका प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले गरेका कतिपय विवादास्पद निर्णय, प्रहरी अधिकृतको सरुवा र बढुवामा प्रहरी प्रधान कार्यालयदेखि गृहमन्त्रालयसमेतबाट यसबीचमा भएका केही निर्णयले प्रहरीको 'ऱ्यांक एन्ड फाइल'मा निराशा बढेको छ । अर्थात् एकातिर जनस्तरमा खस्केको प्रहरीको छवि उज्यालो बनाउनुपर्ने चुनौति छ भने अर्कोतर्फ निराश बनेको आफ्नै पंक्तिको मनोबल उकास्नुपर्ने छ ।

आईजीपीमा बढुवा गर्नका लागि कोही एआईजी नभएका कारण यसपटक पनि सिधै डीआईजीबाट बढुवा गरिएको हो । राजनीतिक हस्तक्षेप र करिअर प्लानको अभावमा सर्वेन्द्र खनाल तथा उनीभन्दा अघिका प्रकाश अर्याल पनि डीआईजीबाटै आईजी चयन भएका थिए । प्रहरी नियमावली २०७२ को बढुवासम्बन्धी दफा ४१ अनुसार 'प्रहरी अतिरिक्त महानिरीक्षक नभएको अवस्थामा नायव महानिरीक्षकबाट जेष्ठता, कार्यकुशलता, कार्यक्षमता, उत्तरदायित्व बहन गर्न सक्ने क्षमता, नेतृत्व प्रदान गर्न सक्ने कुशलता तथा आफूभन्दा मुनिको प्रहरीलाई प्रोत्साहन र परिचालन गर्न सक्ने सामर्थ्यका आधारमा नेपाल सरकारले उपयुक्त देखेको उम्मेदवारलाई प्रहरी महानिरीक्षक पदमा बढुवा गर्न सक्नेछ,' भन्ने व्यवस्था छ । आईजीपी खनालसँगै तीन एआईजी पुष्कर कार्की, ठूले राई र धिरु बस्न्यात तथा १८ डीआईजीले पनि मंगलबारबाटै अवकास पाएका छन् ।

## नि:शुल्क...

क्विन्टल २० किलो चामल र एक लाख २५ हजार रकम ज्याला नि:शुल्क बुझेका छन् । आर्थिक वर्ष ०७३/७४ मा ४० जनाले आठ क्विन्टल चामलसहित ज्याला लिएका थिए । तर त्यसको सख्या ह्वात्तै बढेर आर्थिक वर्ष ०७४/७५ मा ३१३ जनाले ६ हजार २६० किलो चामल र ज्याला बुझेका छन् भने चालु आर्थिक वर्ष ०७५/७६ को हालसम्म ३५९ जनाले ७१ क्विन्टल ८० किलो चामल र पाँच लाख २६ हजार ५०० ज्याला बुझेको तथ्यांक छ ।

यो सेवा लिनका लागि नेपाल खाद्य संस्थान हुम्लाले ६ महिनाको अवधि राखेर जन्मको हकमा बच्चा अस्पतालमा जन्मेको जन्मको प्रतिवेदन तथा बच्चाको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि, वडापालिकाको सिफारिश र मृत्यु हुनेको हकमा मृत्युदर्ता, वडापालिकाको सिफारिश र सेवा लिन आउने सेवाग्रहीको नागरिकता लिएर सेवा प्रवाह गर्दै आएको छ ।

सरकारले कर्णालीवासीलाई जन्म र मृत्यु संस्कारमा २० किलो चामल नि:शुल्क दिने गरेपछि हुम्लाका बासिन्दालाई सहज भएको नेपाल खाद्य संस्थान कार्यालय हुम्लाले बताएको छ । २० किलो चामल उपलब्ध हुँदा गरीब घरका मृतकका परिवारलाई केही हदसम्म भए पनि राहत भएको र जन्ममा सुत्केरी महिलाको खाद्य सुरक्षामा सहयोग पुगेको सिमकोट गाउँपालिका-२ का नवराज भण्डारीले बताए ।


Province Government
Ministry of Physical Infastucture Development
Infastucture Development Directorate
**Water Supply , Irrigation and Energy Development Office**
Karnali Province, Humla, Nepal

**Invitation for Electronic Bids for the Supply and Delivery of HDPE Pipe (PE-100)**

IFB No.: **01/076-077/NCB/Goods/WIEDO-Humla**
Date of publication: ***12th Feb 2020***

1. **The Water Supply,Irrigation and Energy Development Office,Humla** invites electronic bids from eligible bidders having manufacturer's authorization letter for the procurement of the **Supply and Delivery of HDPE Pipe (PE-100)** under National Competitive bidding procedures specified in Public Procurement Act and Regulations. The name and identification of the contract are as follows:

| Contract ID No. | Name of Procurement | Estimated Amount without VAT | Bid Security NRs. | Document Fee NRs. |
|---|---|---|---|---|
| 01/076-077/NCB/Goods/ WIEDO-Humla | Supply and Delivery of HDPE Pipe (PE-100) | 37,39,154.71 | 1,30,000.00 | 3000.00 |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of ***Water Supply,Irrigation and Energy Development Office, Humla Tel.: 087680250, 9851159311 Email: wiedo.humla@gmail.com*** of office or may visit e-GP system: **www.bolpatra.gov.np/egp** .
3. Bidding documents is available online and can be downloaded from e-GP system: **www.bolpatra.gov.np/egp**. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.
**Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank: Rastriya Banijya Bank ,Humla
Name of the Office: Water Supply,Irrigation and Energy Development Office, Humla
Office Account No. : 1000200010000 (Rajaswa)
Code No. : 3370364016
Revenue Head No. : 14229
**Information to deposit the cost of bid Security amount :**
Name of the Bank : Rastriya Banijya Bank , Humla
Name of the Office : Water Supply, Irrigation and Energy Development Office, Humla
Account No : 4190502000000 (Dharauti Khata )
4. Interested Bidders shall submit the electronic Bids through **www.bolpatra.gov.np/egp** to the ***Water Supply, Irrigation and Energy Development Office, Humla*** on or before 12:00 hours on **13th Mar 2020 (2076-11-30** ). Bids received after this deadline will be rejected.
5. Bids shall be opened in presence of Bidders' representatives who choose to attend on ***1:00 hour on 13th Mar 2020*** at the office of ***Water Supply, Irrigation and Energy Development Office, Humla***. Bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security (as mentioned above) which shall be valid for minimum 30 days beyond the bid validity period.
6. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline. Other mandatory information as per PPA 2063 and PPR 2064.

**Office Chief**

# अत्यधिक चिसोले डेढ दशकदेखि मानववस्ती शून्य



■ सुमित्रा रावल

मुगु । जिल्लाको पूर्वीउत्तरी भेगमा पर्ने मुगुमकार्मारोङ गाउँपालिका-१ मा पर्ने हिमालको खोँचमा रहेको एक गाउँ चिसोको कारण देखाउँदै बसाइँ सरेपछि गाउँ नै मानवरहित भएको छ । वारिपारि ठुल्ठूला हिमाल, बीच खोल्सामा वस्ती, जहाँ दिनको तीन घण्टा मात्र वस्तीमा घाम लाग्ने हुँदा चिसोको कारण देखाउँदै १५ वर्षदेखि स्थानीयले गाउँ छाड्दै गएपछि मुगुको उच्च हिमाली बस्तीमा रहेको एउटा गाउँ डेढ दशकदेखि मानवरहित भएको हो ।

उक्त पालिकाको वडा-१ भित्र ७५ घरधुरी रहेको वाङग्री गाउँमा वर्षमा तीन महिना चैत, वैशाख र जेठमा घाम लाग्ने गर्दछ । हिउँदमा भने दुई घण्टा मात्र गाउँमा घाम लाग्ने साथै हिउँ जमिरहने भएपछि गाउँमा अत्यधिक चिसो हुने हुँदा गाउँमा बस्न कठिनाई झेल्नुपरेकाले स्थानीय सिंगो गाउँवासी नै वस्ती सरेर जुम्लाको चौधविसतिर बसाइँ सरेका हुन् । पशु चौपायलाई वैशाख, जेठ र असार बाहेक अन्य महिना पाल्न कठिनाइ हुनुका साथै मान्छेलाई पनि चिसोले असर पार्छ । उक्त गाउँमा भिरालो जमिन र खाद्यान्न उत्पादनमा आलु, फापर बाहेक केही हुँदैन । खाद्यान्न जोहो गर्न कठिनाई झेल्दै आएकाले स्थानीयवासी वाध्य भएर गाउँ छाडेको स्थानीयवासी उर्गेन लामाले जानकारी दिए । गाउँलेहरू जाडो छल्नकै लागि गएको ०६० सालबाटै एक/दुई गर्दै गाउँ छाड्दै जाँदा हाल आएर गाउँमा स्थानीय शून्य भएको लामाले भने ।

उक्त वाङग्री गाउँ जिल्ला सदरमुकामदेखि दुई दिन पैदल यात्रामा पुगिने गाउँ हो । गाउँमा रहेको खेतीयोग्य जमिन बाँझिदै गएको छ भने घरहरू भत्किँदै गइरहेका छन् । बसाइँ सरेर गए पनि स्थानीयहरू चुनावमा मतदान गर्न, जडिबुटी कोर्न, गाउँपालिको वडामा हुने विकास निमार्णको काम सम्पन्न गर्न गाउँमा एक महिनाका लागि आउने गरेको स्थानीयले बताए ।

यसै गाउँको वनपाखामा जडिबुटी तथा खनिज वस्तु प्रचुर रूपमा पाइने गर्दछ, साथै वन्यजन्तुको पछिल्लो समयमा बढ्दो चोरी सिकार रहेको छ । गाउँ जान हालसम्म पुल नहुँदा तुइन र काठे पुलबाट दोल्फु कर्णाली पार गरेर पर्यटक जाने गर्दछन् । साथै दोल्फु गाउँ र वाङग्री गाउँको वनपाखाको बीचमा तामा खानीका साथै अन्य खनिज तत्व रहेको छ ।

# पेट्रोल अन्वेषणको काम ८० प्रतिशत सम्पन्न



■ नरबहादुर रिजाल

दैलेख । पेट्रोलियम पदार्थ अन्वेषणको काम तीव्रगतिमा अगाडि बढिरहेको छ । अहिले 'कति परिमाणमा पेट्रोलियम पदार्थ छ र कुन स्थानमा बढी भण्डारणको सम्भावना छ' भनेर जमिनभित्रको अवस्था पत्ता लगाउने महत्वपूर्ण भौगर्भिक (सेस्मिक) सर्भेको काम जारी रहेको छ । सर्भेको ८० प्रतिशत काम सम्पन्न भइसकेको जनाइएको छ ।

तत्कालीन उद्योगमन्त्री मातृका यादवले दैलेखको नाभीस्थानबाट अन्वेषण कार्यको औपचारिक शुभारम्भ गरेका थिए । यहाँको पूर्व-पश्चिम र उत्तर-दक्षिणका विभिन्न भू-भागमा करिब दुई सय किलोमिटर क्षेत्र समेटेर १० स्थानमा सुरु गरिएको सर्भेका सात स्थानको काम सम्पन्न भइसकेको छ । करिब ४५ फिट मुनिसम्म खनिएको होलमा विस्फोटक पदार्थ राखेर कृत्रिम भूकम्पीय तरंग उत्पन्न गरिएको र सोबाट प्राप्त भएको सबै सूचना संकलन गर्ने कार्य सेस्मिक मिटरमा भइसकेको खानी तथा भूगर्भ विभागका अन्वेषण अधिकृत डा.गणेशनाथ त्रिपाठीले जानकारी दिएका छन् ।

सर्भे सकिएपछि यसको अध्ययनका लागि तीन महिनाको समय लाग्नेछ । सो अवधिपछि धेरै सम्भावना भएको मुख्य भण्डारणको क्षेत्रमा पुनः करिब चार किलोमिटर जमिनमुनिको भूभागमा मुख्य ड्रिलिङ गरिने र त्यसपछि कति परिमाणमा पेट्रोलियम पदार्थ छ भन्ने कुरा पत्ता लाग्ने उनले जानकारी दिए । एउटा लाइनमा चार सय वर्गकिमी भूभाग समेटेर सर्भेको काम भइरहेको छ । दैलेखको पश्चिम भूभागमा गरिएको सेस्मिक सर्भेका लागि दुल्लु नगरपालिकामा क्याप निर्माण गरेर विज्ञहरूको समूह बसेका छन् । यस कार्यलाई यहाँका जनता र जनप्रतिनिधिले स्वागत गरेको छन् । सांसद रवीन्द्रराज शर्माले अन्वेषण कार्यले समृद्ध नेपाल बनाउने प्रधानमन्त्रीको लक्ष्यलाई सहयोग पुऱ्याउने विश्वास व्यक्त गरे । अन्वेषणको प्रक्रिया सुरु हुँदै गर्दा चिनियाँ प्राविधिक टोलीले संकलन गरेका स्रोत र चट्टानको नमुना परीक्षणबाट उत्साहजनक नतिजा प्राप्त भएकाले दैलेखको भूभागमा ग्याँस र पेट्रोलियम पदार्थ दुवै हुनसक्ने सम्भावना बढ्दै गएको छ । अन्वेषणकार्य सफल भए वर्तमान सरकारले सुरु गरेको 'सुखी नेपाली, समृद्ध नेपाल'को परिकल्पना पूरा हुने आशा गरिएको छ । विदेशका अन्य भूभागमा गरिएका सर्भेलाई आधार मान्ने हो भने छिद्र देखिएका स्थान र ग्याँस निस्किएका स्थानकै आसपासमा भण्डारण भेटिएकाले दैलेखको भूभागमा पनि भण्डारणको सम्भावना भएको अन्वेषण अधिकृत डा. त्रिपाठीले बताए । दैलेखका धेरै स्थानमा जमिनमुनिबाट छिद्रका रूपमा हजारौं स्थानमा पानीभित्र फोकाहरू भुलभुल गरेर आएको देखिन्छ । कतिपय स्थानमा ग्याँस नै बलेको अवस्थामा देखिएको छ । यसको विश्लेषण गर्ने हो भने पनि दैलेखको कुनै भूभागमा भण्डारण हुनसक्ने विज्ञहरूको भनाइ छ ।

# कोरोना भाइरसविरूद्ध ऱ्याली

■ सन्तोष पौडेल

वीरगञ्ज । नोबेल कोरोना भाइरसविरुद्ध मंगलबार वीरगञ्जमा जनचेतना फैलाउने ऱ्याली निकालिएको छ । चीनमा देखापरेको कोरोना भाइरस नेपालमा पनि प्रवेश गरिसकेकोले त्यसबाट सर्वसाधारणलाई बचाउने गरी एक कार्यक्रममार्फत वीरगञ्जमा जनचेतनामुलक ऱ्याली निकालिएको हो ।

ग्रिन सामुदायिक सेवा केन्द्र तथा ग्रिन सिटी समुदायिक प्रहरी सेवा केन्द्र आदर्शनगरको आयोजनामा वीरगञ्जका विभिन्न विद्यालयका विद्यार्थी, समाजसेवी, विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूको सहभागितामा वीरगञ्जको घण्टाघरबाट निस्केको ऱ्याली माइस्थान, आदर्शनगर, घडिअर्वा लगायतको ठाउँ परिक्रमा गरी नोबेल कोरोना भाइरससम्बन्धी जनचेतनामुलक कार्यक्रम सम्पन्न भएको छ । पर्साका प्रमुख जिल्ला अधिकारी विष्णु कार्कीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपनिरीक्षक गंगा पन्त, पत्रकार महासंघ पर्साका अध्यक्ष श्याम बन्जारा, जिल्ला ट्राफिकका प्रहरी निरीक्षक कमलराज पण्डित, वडा प्रहरी कार्यालय श्रीपुरका प्रहरी निरीक्षक निर्मल पनेरु, जिल्ला ट्राफिकका प्रहरी नायब निरीक्षक सूर्यबहादुर थापा, वीरगञ्ज महानगर स्वास्थ्य शाखाका हाजिर आलम, सुमनचन्द्र ठाकुर, रितेश जैसवाल, इन्दिरा लोहनीलगायत विद्यार्थी, स्थानीय प्रहरी प्रशासन तथा समाजसेवीको उपस्थिति रहेको थियो ।

कार्यक्रमको अध्यक्षता भने ग्रिन सिटी समुदायिक प्रहरी सेवा केन्द्र आदर्शनगरका अध्यक्ष जयप्रकाश खेतानले गरेका थिए । यससँगै केही दिन अगाडि भारतबाट आउने कोरोना भाइरस संक्रमित चेकजाँच गर्न वीरगञ्ज भन्सार नाकामा 'हेल्प डेक्स' को




पनि स्थापना गरिएको थियो । विभिन्न संघ संस्थाले पर्सामा कोरोना भाइरस फैलिन नदिन र यसबाट मानिसलाई बचाउन विभिन्न जनचेतना फैलाउँदै सतर्कता अपनाउने बारे जानकारी दिइँदै आइरहेका छन् ।

विश्वमै यो रोगको संक्रमण फैलिरहेका वेला विश्व स्वास्थ्य संगठनले नेपालमा पनि धेरै मानिसको आवतजावत हुने भएकोले यसबाट सतर्कता अपनाउन जरुरी रहेको बताएको छ । कोरोना भाइरसको संक्रमण हुँदा उच्च ज्वरो आउने, टाउको दुख्ने, श्वासप्रश्वासमा समस्या हुनेजस्ता लक्षण देखापर्ने भएकोले यस्तो लक्षण फ्लुसँग मिल्दोजुल्दो हुने भएकोले रुघाखोकी लागेका व्यक्तिबाट सतर्क रहन जरुरी रहेको पनि बताइएको छ । यस्ता लक्षण देखापरे नजिकको स्वस्थ्य संस्थामा गई चेकजाँच गराउनसमेत कार्यक्रममार्फत अपिल गरिएको छ ।

# ७० वर्षीय वृद्धको हत्या

रौतहट । जिल्लाको दुर्गा भगवती गाउँपालिकाको मत्सरीमा ७० वर्षीय वृद्धको निर्ममतापूर्वक हत्या भएको छ । सोमबार राती गाउँपालिका-३ को देवी पर्सा टोलकी फेकन पंडितको हत्या भएको प्रहरीले जनाएको छ । गोठमा सुतिरहेको अवस्थामा अज्ञात व्यक्तिहरूले हथौडा र धारिलो हतियारले अनुहारमा प्रहार गरेर हत्या गरेको प्रहरीले जनाएको छ । राती सुतेका फेकन मंगलबार बिहान अबेरसम्म घरमा नआएपछि उनका माइलो छोरा राजकुमार पंडित गोठमा पुग्दा आफ्ना बुबालाई मृत अवस्थामा भेटेका थिए । विभत्स रूपमा बुबाको शव देखेपछि स्थानीय बासिन्दाको सहयोगमा पंडितले प्रहरीलाई खबर गरेका थिए ।

खबर आएपछि घटनास्थल पुगेका जिल्ला प्रहरी कार्यालय रौतहटका एसपी रबीराज खड्काको कमान्डको अनुसन्धान टोलीले अपराधी पत्ता लगाउनका लागि महोत्तरीको लालगढबाट तालिम प्राप्त कुकुर झिकाएर अनुसन्धान सुरु गरेका छन् । घटनास्थलको अनुसन्धान पश्चात मृतक पंडितको शवलाई पोस्टमार्टमका लागि जिल्ला अस्पताल गौर पठाइएको एसपी खड्काले जानकारी दिए । वृद्ध व्यक्ति पंडितको कसैसँग झैझगडा एवं पुरानो रिसिइबी नरहेता पनि विभत्स हत्या गर्ने व्यक्तिहरूलाई चाँडै पहिचान गरेर कानुनी दायरामा ल्याउने दाबी एसपी खड्काले गरे । *(सौस)*

# छुवाछूतविरूद्ध पुरोहित र धामीझाँक्री



■ सौर्य समाचार

जाजरकोट । समाजमा विद्यमान जातीय भेदभाव र छुवाछूतविरुद्ध यहाँका धामीझाँक्री तथा पुरोहित एकजुट भएका छन् । भेरी नगरपालिलाई पूर्णरूपमा छुवाछूतमुक्त अभियानलाई साथ दिन उनीहरूले एकजुट भएका हुन् । जातीय भेदभाव तथा छुवाछूतविरुद्ध जागरण फैलाएर समृद्ध नगर बनाउने अभियानलाई साथ दिनसमेत उनीहरूले सामूहिक प्रतिबद्धता जनाएका छन् । भेरी नगरपालिका-११ का रुपलाल शर्माले भने, ' आफूहरू छुवाछूत गर्दैनौं र समाजमा गर्न पनि दिन्नौं, यस्तो कुकर्म कसैबाट भए सामूहिक रूपमा प्रतिकार गर्छौं ।' भेरी नगरपालिका-४ एकदेव शर्माले भने, 'आफ्नो घरमा बनाएको मन्दिरमा दलितसँगै सामूहिक रूपमा पूजापाठ गर्न आएको छुँ, सानो जात र ठूलो जात भन्ने हुँदैन ।'

नगरप्रमुख चन्द्रप्रकाश घर्तीले कुसंस्कारका रूपमा मूल जरो बनेको विभेदलाई हटाउनका लागि धामीझाँक्री तथा पुरोहितहरूको महत्वपूर्ण भूमिका हुने बताए । उनले भने, 'समाजमा देवतालाई अगाडि सारेर नै छुवाछूतजस्तो हुने गरेको छ, अब हाम्रो यो सामाजिक अभियानमा धामीझाँक्री तथा पुरोहितले साथ दिनुभएको छ, यो खुसीको कुरा हो ।'

# दहेजप्रति मुसलमान समुदाय चिन्तित

■ मोहम्मद सदरुल

विराटनगर । दहेजलाई हराम (अवैध) मानेका मुसलमान समुदायमा पछिल्लो समयमा यसले विकराल रूप लिँदै आएको छ । कुनै सयममा बिनालेनदेन आपसी सल्लाह र समझदारी हुने विवाह अहिले दहेज प्रथाले जरा गाड्दै गएपछि मुसलमान समुदाय चिन्तामा डुबेका छन् । दहेज दिन बाध्य हुने समूह चिन्तामा डुबेका छन् भने लिने समूह खुसीले गद्गद हुने गरेका छन् ।स्वःस्फूर्त खुसीले बेहुली पक्षले दिने दाइजोमा कुनै समस्या नभए पनि करकापमा पारेर लिने दहेज कानुनी रूपमा अपराध मानेको अधिवक्ता केदार भण्डारीले जानकारी दिए ।

उनले दहेजलाई नेपालमा अवैध मानेको छ भने लिने र दिने दुबैलाई कानुनले कैद सजाय हुने व्यवस्था गरेको छ । अधिवक्ता भण्डारीले २० वर्ष उमेर नपुगी विवाह गर्नु गराउनु पनि कानुनी हिसाबले दण्डनीय भएकाले यसबाट छुटकारा पाउन आमनागरिक जागृत र सचेत हुनुपर्ने कुरामा जोड दिए ।

विवाहमा कानुनले तोकेको भन्दा बढी जन्ती गएमा बेहुली पक्षलाई व्यवस्थापनमा निकै कठिनाइ हुने र खर्च पनि बढ्न जाने भएकाले यसमा बेहुला पक्ष गम्भीर हुनुपर्ने अधिवक्ता भण्डारीको भनाइ छ । दहेज लिनु र दिनु दुबै हराम मानेका मुसलमान समुदायमा पछिल्लो समय बढ्दै गएको दहेज व्यवहारप्रति आश्चर्य मान्दै मुसलमान धर्म गुरु मौलाना गुलाम रसुल फलाही भन्छन्, 'धार्मिक ग्रन्थ 'कुरान' को उपहास गर्ने मुसलमानलाई अल्लाहले माफ गर्ने छैन ।' दहेज प्रथा आफैँमा अस्वीकार्य कुरा हो तैपनि दहेज दिन मुसलमान समुदायका केटी पक्षका मानिस बाध्य छन् । दहेजमा अहिले नगद तथा मोटरसाइकल, फर्निचरका र जिन्सी सामान माग्ने क्रम बढ्दै गएको छ । जवान छोरीलाई घरमा राख्नुभन्दा दहेज दिएर विवाह गर्नु नै उत्तम मान्यता राख्ने क्रमले विस्तारै यसले सामाजिक मान्यता पाउन थालेको छ । दहेजले उग्र रूप लिएपछि प्रदेश-२ को वीरगञ्जबाट सुरु भएको दहेजविरुद्धको अभियानले पनि खासै गति लिन सकेको छैन । दहेज बन्द गर्ने भन्दा लिने मानिसको संख्या दिनप्रतिदिन बढ्दै गएको छ । सुनसरीगढी गाउँपालिकाका अगुवा मुस्लिम समुदायका गफारले छोरीलाई राम्रो शिक्षादीक्षा दिन सक्यो भने मात्र दहेजलाई नियन्त्रण गर्न सकिने बताउँछन् ।

मानिसले लुकिलुकी लिने दहेजका समर्थकलाई सामाजिक बहिष्कार गर्न सक्यो भने यो समस्यालाई नियन्त्रणमा लिन सकिने उनको भनाइ छ ।इस्लामी संघ मोरङ र सुनसरीले पनि यस विषयमा गम्भीर चिन्ता र चासो देखाएको छ । दहेज शिक्षित परिवारभन्दा अशिक्षित परिवारमा बढी चल्ने गरेको छ । दिनरात अल्लाहको एवादत (प्राथर्ना) गर्ने मानिसहरूले अल्लाहको सन्देश नमान्नु निश्चित रूपमा त्यो मानिस मुसलमान हुन नसक्ने गफारले भने । छोरी हुनेहरू यस प्रथाको विपक्षमा र छोरा हुनेहरू पक्षमा भई समाज विभाजित बनेकाले यो समस्यालाई



हटाउन निकै समस्या हुने सुनसरी सोनापुरका अगुवा मेहदी हुसेनले बताए । छोरीलाई दाइजो होइन पैतृक सम्पतिमा अंश दिउँ भन्ने नाराका साथ मोरङका मुस्लिम समुदाय दहेजविरुद्ध अभियानमा जुटेका छन् । केही दिन पहिले मोरङको कर्सियामा सामूहिक रूपमा स्थानीय मुसलमान समुदायले अबदेखि छोराछोरीको विवाहमा दहेज नलिने र दहेज पनि नदिने सामूहिक प्रतिबद्धता व्यक्त गरेका थिए ।

धनपालथान गाउँपालिका-६ का वडाध्यक्ष मोहमद हुसेनले दहेज प्रथाको अन्त्यका लागि अभियान घरघरसम्म पुऱ्याउनेमा जोड दिए । दहेज विरुद्धको अभियानलाई सफल बनाउन यसको सुरुआत परिवार र समुदायबाट हुनुपर्ने उनको भनाइ छ । केहीवर्ष पहिले मुस्लिम बाहुल्यता रहेको सुनसरीको सोनापुरबाट सुरु भएको दहेजविरुद्धको अभियानकै बीचमा मानिसहरूले आफ्ना छोराको विवाहमा हाकाहाकी दहेज लिन थालेपछि यो अभियान तुहिएको थियो । दहेज दिने प्रथा सुनसरी, मोरङ र झापाभन्दा पश्चिमका जिल्लामा तीव्र रूपमा देखिएकाले यहाँका मुस्लिम अभिभावकहरू दहेजकै लागि आफ्ना छोराहरूको विवाह कोसी पश्चिमतर्फ गर्न चाहन्छन् ।

सुनसरीको चाँदबेला, सोनापुर, दुहबी, भमरी, गैसार, खनार, मजराजस्ता अन्य गाउँमा दहेज विकराल रूपमा बढ्दै गएको छ भने मानिसहरूले छोरीको विवाहमा लाखौंलाख खर्च गर्न बाध्य छन् । हिजो पापको रूपमा धर्मग्रन्थमा परिभाषित दहेज अहिले कसरी पूण्य हुन गयो बुद्धिजीवी मुस्लिम चिन्तामा परेका छन् ।

चिन्तन

शिक्षाको अन्तिम विन्दु ज्ञान हो, ज्ञानको अन्तिम विन्दु चरित्र हो, तिमीले कस्तो शिक्षा लिएका छौं भन्ने कुरा तिम्रो चरित्रमा आएको सुधारले मापन गर्दछ ।

–आचार्य चाणक्य

## सम्पादकीय

# कहालीलाग्दो घटना

ललितपुरको सानेपास्थित निकै फराकिलो कम्पाउन्डसहितको आलिसान बंगलाभित्र गत सोमबार बिहान निकै कहालीलाग्दो दुर्घटना भयो । बंगलाकी मालिक्नी ४९ वर्षीया मुना कार्कीलाई उनकै श्रीमान्ले मृत अवस्थामा फेला पारे । साथै सोही बंगलामा विगत ९ वर्षदेखि घरेलु कामदारका रूपमा रहेका २२ वर्षीय विजय चौधरी पनि मृत अवस्थामा फेला परे । घरेलु कामदार चौधरीले मालिक्नी मुनालाई कुटपीट गरी मारेको र आफूले पासो लगाएर आत्महत्या गरेको प्रारम्भिक अनुसन्धानबाट देखिएको प्रहरीले जनाएको छ । घटना ज्यादै रहस्यमय छ । मृतक कार्कीका श्रीमान् अर्जुन कार्की वरिष्ठ इन्जिनियर हुन् । उनी लामो समय सरकारी सेवामा रही सचिवसम्म भएर केही वर्षअघि अवकास लिएका थिए । दोलखाको जिरीस्थित सामान्य किसान परिवारमा जन्मेका कार्कीले सरकारी सेवामा प्रवेश गरेको छोटो अवधिमै आफ्नो आर्थिक हैसियतलाई निकै माथि पुऱ्याएका थिए । तर यो आर्थिक प्रगति नै उनका लागि अभिशाप बन्यो । उनका दुई छोरी अमेरिकामा छन् । श्रीमान् श्रीमती र १२ वर्षको छोराका साथ निकै अग्लो पर्खालले घेरेको फराकिलो कम्पाउन्डमा उनी बस्छन् । घरेलु कामदारले पिर्काले कुटिरहँदा उनी निकै चिच्याइन् होला तर फराकिलो कम्पान्ड र अग्लो पर्खाल भएका कारण त्यो आवाज छिमेकीहरूको कानसम्म पुगेन । हार गुहारसमेत नपाउने अवस्था बन्यो ।

यो घटना आफैँमा अत्यन्त पीडादायी , मार्मिक र विभत्स हो । जे हुनु भइसक्यो । यस्ता घटनाबाट अरूले पाठ सिक्नु जरुरी छ । पहिलो कुरा त राज्यको नीति निर्माण तथा कार्यान्यवन गर्ने तहमा बस्नेहरूले बालश्रमलाई प्रोत्साहन दिएका रहेछन् भन्ने उजागर भएको छ । अर्को कुरा आलिसान बंगला, फराकिलो कम्पान्ड र अग्लो पर्खालले मात्रै सुरक्षा दिन सक्दो रहेनछ भन्ने कुरा उजागर भएको छ । यो घटना पहिलो र आश्चर्यजनक पनि होइन । अलिसान बंगलाभित्र आफ्नै नोकरद्वारा अकालमा ज्यान गुमाउनेहरूको संख्या राजधानी काठमाडौंमा उल्लेख्य छ । केही वर्ष अघि ललितपुरमा इसाई पादरी ग्याफ्नेको आफ्नै नोकरद्वारा हत्या भएको थियो । २०७५ भदौमा फ्रान्सका लागि नेपालका पूर्वराजदूत केशव झाको बबरमहलस्थित निवासमै हत्या भयो । हत्यारा सानुकान्छा तामाङ झाको घरमा १५ वर्षदेखि कार्यरत थिए । २०७४ साउनमा बूढानीलकण्ठ–१ मा पनि घरेलु कामदारकै योजनामा ५५ वर्षीया पार्वती ढकालको हत्या भयो । हत्यामा संलग्न थिए, नुवाकोट ककनी–२ का ३७ वर्षीय सुदाम लामिछाने ।

पूर्वडिआइजीपी हेमन्त मल्लका अनुसार आफ्नै घरका कामदारद्वारा मालिकको हत्या हुनुमा मुख्य कारण आर्थिक नै देखिने गरेको छ । त्यसपछि यौन, लागुऔषध र मनोवैज्ञानिक कारण देखिने गरेका छन् । यति ठूलो अपराध गर्ने हदसम्म मान्छे हत्पत्ति पुग्दैन । कि त दिमाग खुस्कनु पऱ्यो, नभए आपराधिक माहोलमा हुर्केको हुनु पऱ्यो । राज्यको जिम्मेवार तहमा बसेको व्यक्तिका घरमा बाल्यकालदेखि नै बसेको किशोर हत्या जस्तो जघन्य अपराधमा संलग्न हुनु भनेको गम्भीर कुरा हो । उसले असल संस्कार पाएन भनेर कसरी अनुमान गर्ने ? सम्भव भएसम्म घरेलु कामदार राख्न नहुने हाम्रो संस्कार हो । तर, अनिवार्य आवश्यकताका लागिभन्दा पनि सौखका लागि, अझ समाजमा रवाफ देखाउनका लागि घरेलु कामदार राख्ने प्रचलन बढेको छ । गरिब गुरुवाले रोजगारी पाउने भएकोले घरेलु कामदार राख्न कानुनद्वारा निषेध गरिएको छैन । बालश्रम प्रयोग गर्न नपाइने स्पष्ट कानुनी व्यवस्था छ । तर, पहुँचमा हुनेहरूले स्कुल जाने उमेरका बालबालिकालाई घरेलु श्रमिकका रूपमा राखेका छन् । एकातिर राज्यले उमेर पुगेका कुनै पनि बालबालिका विद्यालय जाने अवसरबाट बञ्चित नहोऊन् भनेर अभियान नै सुरु गरेको छ अर्कातिर सरकारको नीति कार्यान्वयन गर्नुपर्ने जिम्मेवारीमा बसेका कतिपयले विद्यालय जानबाट बञ्चित गराइ आफ्नै घरमा बालश्रमिक राखेका छन् । पूर्व सचिव कार्की त उदाहरण मात्रै हुन्, उनी जस्ता सयौँ छन् हाम्रो मुलुकमा ।

# गच्छदारको संस्मरण र वर्तमान



कृष्ण बोहोरा

जेलका नीति नियम के कस्ता छन् त्यो पनि मलाई थाहा थिएन । विजयकुमार गच्छदार भन्ने पनि मलाई थाहा थिएन । तर पनि हामीलाई एउटै वार्ड र कोठा पनि एउटैमा राखिएको रहेछ । गच्छेदार दुई तीन बेड पर्तिर हुनुहुन्थ्यो । म जेल परेको आठ दश दिनपछि एउटा न्यूज पेपर झिकेर उहाँले देखाउनुभयो र भन्नुभयो ल बोहरा जी तपाईंको न्यूज आएको रहेछ भनेर पेपर पढन दिनुभयो,मैले पेपर लिएर पढैं

२०४१ शाल चैत्र महिनाको कुरा हो । तेस्रो प्रयासमा प्रहरीले मलाई काठमाडौं मीन भवन क्याम्पसको परीक्षा हलबाट नै पक्रन सफल भयो । करिब सय डेड सय जत्था नै लिएर तीन वटा मोटरका साथ प्रहरी त्याहाँ पुगेका रहेछन् । परीक्षा त मैले कसरी दिनु र ? जवकी परीक्षा हलमानै गार्ड बनेर सिभिल ड्रेसमा डिएसपी स्वयम् बसेका थिए । ढोकाको सिधा पल्लो बार्दलीमा दुईजना पुलिस सिभिल ड्रेसमा आँखा नबिराई मलाई हेर्ने गरी बसेका थिए । जो अघिल्लो पटकको पक्रने क्रममा असफल प्रयासमा उनीहरूले मलाई चिन्दथे । जुन कुरा मलाई उनीहरूले पकीसकेपछि खुल्न आयो । तीन पटक समातेर पनि उम्किन सफल भएकाले पनि उनीहरू त्यति सजग भएका थिए ।

अर्को कुरा विद्यार्थीहरूको पनि उनीहरूलाई त्यतिकै डर थियो । दोस्रो कुरा उनीहरूले मलाई त्यतिखेर पिस्करको गुरिल्ला नै सम्झेका थिए । मलाई ९ जना बाकी टकी बोकेका प्रहरीका साथमा एउटा जीपमा राखिएको थियो भने दुईवटा भ्यान मेरो पछि पछि थियो । इमर्जेन्सी हर्नको साथमा उनीहरूले मलाई त्यहाँबाट दौडाए, म अचम्ममा परे । जम्मा ४७ केजी तौल भएको एउटा अपरिपक्व मानिस थिएँ म त्यो बेला । बाटोमा न्यूरोड पीपलबोट र यस्तै मानिस जमघट हुने ठाउँमा गाडी पुग्दा मलाई उनीहरूले खुब जोडले हप्काउथे । खबरदार नकरा भन्थे । म कराउँछु र उम्कन्छु भन्ने पनि उनीहरूलाई लागेको रहेछ भन्ने महसुस गर्न मलाई समय लागेन । मलाई सिधै हनुमान ढोका डीएसपी कार्यालयमा पुऱ्याईयो । ६ दिनको हत्कडीसहितको कष्टकर बसाई पछि साँझपख मलाई सेन्ट्रल जेल लगियो । सेन्ट्रल जेल सुन्धारामा पुगेपछि भने, मैले केही राहत महसुस गरेँ ।

पिस्करका आफ्नै साथीहरूलाई मैले त्याहाँ भेटेँ । आफ्नै साथीहरूको चुलोचौकामा खाना खान पाइयो । झापाका मानकुमार तामाङ र छिनताङका साथीहरूलाई पनि मैले त्याहाँ भेटेको थिएँ । मैले यतिसम्म कुरा लेख्नुको कारण मैले आफ्नो जेल वृतान्त लेख्न खोजेको भने होइन । २०४७ सालपछिको बहुदलीय व्यवस्था र अहिलेको गणतन्त्र कालमा समेत सत्ताका पारखी र समयअनुसार चल्न सक्ने सत्ता राजनीतिका माहिर खेलाडी विजयकुमार गच्छदारलाई पनि मैले त्याहाँ भेटेको थिएँ । म जेलमा पुगेको पन्ध्र-बीस दिन मात्र भएको थियो । जेलका नीति नियम के कस्ता छन् त्यो पनि मलाई थाहा थिएन । गच्छदार भन्ने पनि मलाई थाहा थिएन । तर पनि हामीलाई एउटै वार्ड र कोठा पनि एउटैमा राखिएको रहेछ । सँगैको अर्को बेडमा एउटै केसका मेघनाथ पौडेलजी हुनुहुन्थ्यो । गच्छदार दुई तीन बेड पर्तिर हुनुहुन्थ्यो । म जेल परेको आठ दश दिनपछि एउटा न्यूज पेपर झिकेर उहाँले देखाउनुभयो र भन्नुभयो ल बोहरा जी तपाईंको न्यूज आएको रहेछ भनेर पेपर पढ्न दिनुभयो,मैले पेपर लिएर पढैं । सम्पूर्ण परिवार जेलमा भन्ने शीर्षकमा एउटा समाचार छापिएको रहेछ । त्यसपछिका दिनमा उहाँको व्यवहार मलाई राम्रै लागेको थियो । भोलिपल्ट साथीहरूलाई गच्छदारको बारेमा सोधेँ । अखिलका फणिन्द्र तिमल्सिनालाई मारेको केसमा उनी जेलमा परेको कुरा साथीहरूबाट थाहा लाग्यो ।

यसपछिका दिनहरू पनि सामान्य रूपमा चल्यो । जेलमा ज्यान केसमा परेका र लामो जेल जीवनमा रहेका राजनीति केस बाहेकका पढेलेखेका मानिसहरूलाई जेलको स्कुलमा मास्टरी जागिर पनि दिने चलन रहेछ । गच्छेदार पनि जेलमा मास्टरी गर्दथे । एक दिनको कुरा हो मेरो साथी मेघनाथ पौडेल र म एउटा पुस्तक पल्टाएर छलफल गर्दै पढदै थियौं । बेलुकी साढे आठ जति बजेको हुँदो हो । गच्छदारले हामीलाई खाउँला जस्तै गरी हेरे र भने के राति राति हल्ला गर्छ । हाम्रो स्वर त्यति ठुलो पनि थिएन । जेलभित्रको बसाई थोरै त हामीलाई पनि थाहै थियो । उनी आफू पनि सुतेका भने थिएनन् । केही पढ्दै थिए उनी । मैले पनि केही जवाफ दिएँ । सुत्न मन भए सुत्ता भो । हामी दुबै जना यसपछि बिछ्यौनामा लम्पसार पऱ्यौं । मनमा भने नमिठो अनुभूति भैरहेको थियो ।

उनले हामीलाई राम्रैसित सम्झाउन पनि सक्दथे,, त्यो भएन । यसैले मैले उनलाई यसपछिका दिनमा एउटा सन्की मान्छेको रूपमा धारणा बनाएँ । यही सनकको कारण एक जनाको ज्यान गयो होला ! अर्को मान्छे जेलमा छ भन्ने लाग्यो । मर्ने बेलामा पीडाकै अवस्थामा फणिन्द्रले पनि गच्छदारको एउटा आँखा झिकिदिएको कुरा मानिसहरू भन्ने गर्दथे । यसैले कालो चस्मा उनको आँखामा कहिल्यै टुट्दैन पनि थियो । जसरी पनि सत्ताको खेलमा पहिलो हुनुपर्ने उहाँका सत्ता राजनीतिका यस पछिका घटनक्रमले पनि देखाउँछ ।

बिचरा फणिन्द्र जो एउटा आदर्श समाज निर्माणका लागि सहिद भए । तर, उनकै आदर्श बोक्ने साथीहरू र गच्छदारले आजसम्म सत्ता राजनीतिमा खेलेका खेलमा फरक भेटाउन हम्मे हम्मे परिरहेछ यसपछिका दिनहरूमा । भ्रष्टाचार दिन दुईगुना रात चौगुनाका हिसाबले बढिरहेका छन् । प्रधानमन्त्री खड्गप्रसाद ओलीलेले राम्रो कामको थालनी गरेका धेरै असफल प्रयासहरू पनि छन् । हालैका दिनहरूमा अख्तियारद्वारा भ्रष्टाचारको छानबिनको क्रममा सत्ताका माहिर खेलाडीहरू पनि परेका छन् । भलै गच्छदारलाई नै अख्तियार लागोस् त उनले भनेनन् होला ।

गच्छदार भ्रष्टाचारी नै हुन पनि म भन्न सक्दिनँ । तर, देश आजसम्म उँधो लागेको प्रमुख कारण भनेको देशभित्र मौलाएको भ्रष्ट संस्कार नै हो । यो अकाटच तथ्य पनि हो । यो माथिदेखि तलसम्मै छ । साच्चै भनु भने अहिले देश भ्रष्टाचारमय भएको छ । अझ यो तलबाट हैन माथिबाट तलतिर आएको हो । अथवा भ्रष्टाचार माथिकाले सिकाएकाले तलकाले पनि सिक्दै गएका हुन् । यसकारण ठूला भ्रष्टाचारी शासक प्रशासक र सत्ताका माहिर खेलाडीहरू नै हुन् ।

उनीहरू नै इज्जत प्रतिष्ठा कमाएर अरूका नजरमा कृतिम रूपमा सम्मानित जीवन जिइरहेका छन् । यो कुरा घाम जत्तिकै छर्लङ्ग छ । उनीहरूलाई अनुसन्धानको दायरामा तान्दा हाम्रा सम्मानित मानिसलाई समातेर हाम्रो पार्टी सिध्याउन लाग्यो भन्नुको तात्पर्य के हो ? भन्ने मात्र हैन कोकोहोलो नै मच्चाइरहेका छन् । उनीहरूका मानिसहरूलाई छुँदै छोएन पनि भनिरहेका छन् ।

विपक्षीले भनेको कुरा ठिकै होला अख्तियारले सत्ता पक्षलाई छुँदै छोएन होला । सत्ता पक्षको मानिसलाई अख्तियारले कार्यबाहीको दायरामा नल्याएका कारण विपक्षका कुनै पनि नेता भ्रष्टाचारी हुँदै होइनन् भन्ने त नहुनु पर्ने हो । विपक्षीकै भनाइलाई एकैछिन मानौं अख्तियार सरकारको लाचार छाया भयो । उसले कांग्रेसजति छानी छानी सिध्याउने भयो । यस भनाइलाई पनि ठिकै मानौं । यसो हो भने पनि विचार पुऱ्याउनुहोस् कानुनको पाटो एउटा होला जसले सबैलाई समान व्यवहार गर्नुपर्ने हो ।

भए तापनि विश्वमा कहीँ पनि आफैँले आफैँलाई कारवाही गरेको एउटा पनि उदाहरण पाउन सकिदैन । यस्तै सकेसम्म नजिकका आफ्नालाई पनि जोगाउन चाहन्छ मान्छे । यसैले विपक्षीले आफ्नो मानिसलाई अनुसन्धानको दायरामा ल्याएकोमा विरोध गर्ने होइन बरू सत्ता पक्षका पनि दोषीलाई कारबाही गर भनी दबाब दिने हो । यसो भयो भने बल्ल भष्टाचारीको मुटु हल्लिन थाल्छ । यही कुराले जन जनको मन छुन्छ । जनतालाई चित्त पनि बुझ्न थाल्छ । तपाईंले तताउन खोजेको सडक यसपछि पो बल्ल तात्छ की ? नत्र सडक तताउने मात्र भनेर के सडक तात्ला र ? पक्ष वा विपक्ष कुनै पनि नेतालाई अख्तियारले तानेमा अहिलेको सन्दर्भमा जनता सडकमा जाने पक्षमा छैनन् । जनताका काम राम्रोसँग केही गरेर जनताको मन जित्न सफल केही अपवाद हुन सक्लान् । नत्र तपाईंहरूलाई त रमाईलो लागिरहेको होला तर जनतालाई भ्रष्ट संस्कार र भ्रष्टाचारीदेखि वितृष्णा जागिसकेको छ । नेता कार्यकर्ता सडकमा जम्मा भएर मात्र सडक तातेको मानिदैन पनि ।

भ्रष्टाचार राख्ने की फाल्ने भन्ने कुरा सत्ता पक्ष, विपक्ष र,देशका आम नागरिक, सर्वसाधारण सबैको चासोको विषय हो । भ्रष्टाचारीको कुनै देश हुदैन तर भ्रष्टाचार देशभित्रै हुन्छ भन्छन् । सामान्यतः कसैले पनि आफूलाई भ्रष्टाचारी हुँ भनेर घोषणा गर्दैन । पृथ्वीनारायण शाहले आफ्नो दिव्य उपदेशमा भनेका थिए घुस दिन्या र लिन्या दुवै देशका शत्रु हुन् । भ्रष्टाचारकै कारण देश खाक्रो भैसकेको छ ।

यस्तो अवस्थामा अमुक भाषामा भ्रष्टाचारको विरोध गरेर हुनेवाला केही छैन । निरंकुश भनिएको पञ्चायत कालमा विदेशीले बनाई दिएको त्यत्रा उद्योगहरू कहाँ गए ? ती सबै उदारवादी अर्थतन्त्रको हिमायतीहरूले खाईदिए । ती सबै प्रजातन्त्र भनेर कहिल्यै नथाक्ने मानिसहरूका तरकारीमा राख्ने मिठो मसलाका परिकार बने । यसैले नेपाली सर्वसाधारणका छोरा छोरी खाडीमा प्रचण्ड गर्मीमा पसिना बगाउन बाध्य छन् । देशभित्र कुनै रोजगारी छैन ।

प्रजातन्त्र र लोकतन्त्र नेपालमा भित्रीसकेपछि भित्रिएको कुनै उद्योग छ ? कुनै नयाँ आयमूलक काम कृषिमा सरकारको आफ्नै योजनामा भएको छ ? कुनै उदाहरण छैन भने त के तपाईंहरूको लोकतन्त्र र प्रजातन्त्र खाएर जनताले सधैं अब चित्त बुझाउलान् त ? राजावादीहरूले टाउको उठाउने प्रयास गर्नुको कारण पनि यही हो । तपाईंहरूलाई यसको कुनै मतलब छैन । आ-आफ्नो दुनो सोझ्याउन भ्याईनभ्याई छ । कुनै वेला दक्षिण कोरियामा भोकमरी पर्दा चामल सहयोग गर्ने नेपाल अहिले कहाँ छ,? कोरिया कहाँ पुग्यो ।

मलेसिया कहाँ छ, चीन कहाँ पुग्यो ? सायद हामीलाई भ्रष्टाचारी को हुन भन्ने नै थाहा छैन । भ्रष्टाचारी तिनै कृत्रिम सान सौकतमा ईज्जत र प्रतिष्ठित जीवनयापन गरिरहेका मानिसहरू हुन् । त्यो पिउनदेखि हाकिमसम्म हुनसक्छन् । त्यो पुलिसका ठुला पदमा पनि हुन सक्छन् । त्यो अदालतभित्र हुन सक्छन् । त्यो आजकल जन्मेको नवधनाढ्य वर्गमा हुन सक्छ । सबैलाई अनुसन्धानको दायरामा मात्र ल्याउन सकियो र कारबाही गर्न सकियो भने देश विकासको लागि पैसा खोज्न युरोप अमेरिका लाग्नुपर्दैन । अरूका स्वार्थमा कुनै नेपाल र नेपालीले घुँडा टेक्नुपर्ने दिनको अन्त्य हुनेछ । नेपाल धनी छ कृत्रिम गरिबी सृजना गरिएको मात्र हो ।

# प्रेम दिवश : प्रारम्भ र महत्व



मिलन आफन्त

प्रेम दिवस आफैँमा एक महत्वपूर्ण दिन, युवा युवतीले एक आपसमा प्रेम प्रकट गर्ने दिन । आफूले मन पराएको केटा वा केटीलाई प्रेम प्रस्ताव राख्ने दिन । प्रेम सम्बन्ध स्थापित भएका प्रेमी प्रेमिकाको प्रेम अझ दरिलो र सुदृढ पार्न मद्दत पुऱ्याउने दिन । यति प्यारो दिन, विश्वभरि मान्यता पाएको प्रेम दिवसको प्रारम्भ र महत्व बारेमा प्रष्ट पार्ने प्रयास यस लेखमा गरिएको छ ।

प्रेम दिवस को प्रारम्भ तेश्रो शताब्दीको अन्तिर रोमनबाट सुरु भएको हो । तेश्रो शताब्दीको अन्ततिरबाट प्रारम्भ भएको प्रेमदिवस अहिले आएर विश्वभरि नै प्रसिद्ध भएको छ । आजका विश्वका युवायुवतीहरू प्रेम दिवसका दिन अत्यन्तै रमाउने गर्दछन् । विश्वव्यापी रूपमा मान्यता पाउँदै गएको यो दिवसले प्रेमको सार्थकता र उचाईलाई अझ बढी उचाईमा पुऱ्याउदै लगेको छ । प्रेम दिवसको प्रारम्भको इतिहासलाई फर्केर हेर्दा नारीसँगको सम्बन्धको कारण सुरक्षाकर्मीहरू कमजोर हुने र गाप्य सूचनाहरू बाहिर जाने डरले रोम सम्राटले प्रेम र विवाहमा रोक लगाए तापनि त्यसको उल्लंघन गर्दै भ्यालेन्टाइनले थुप्रै सैनिक र प्रहरीलाई वैवाहिक सूत्रमा बाँधिदिए पछि उनलाई सम्राटले मृत्युदण्ड दिए । रोमका एक जेलरकी छोरीसँगको प्रेममा पागल भएका भ्यालेन्टाइनले मृत्युदण्ड पाउनुभन्दा केही दिनअघि अन्तिम प्रेम पत्र लेखेका थिए । उनको सामाधिस्तमा बनाएको स्मारकमा मानिसहरूले प्रेमका कारण उनले गरेको त्याग र प्रेम विवाहका कारण सम्राटबाट पाएको मृत्युदण्डलाई हाँसी हाँसी स्वीकार्नुलाई पूजा गर्दै प्रत्येक वर्ष उनलाई श्रद्धाञ्जली अर्पण गरे । त्यही दिनबाट या

हामीलाई थाहा भएकै कुरा हो, विक्षिप्तता , घृणा, हत्या , अन्याय ,अत्याचार , युद्ध,धोका , दु:ख,पीडा जस्ता नराम्रा कुराहरू प्रेमको अभावमा हुने गर्दछ । यसै कुरालाई मनन् गरेर विश्व चर्चित व्याक्तित्व माहात्मा गान्धी भन्नुहुन्छ । –" प्रेमभन्दा ठूलो वस्तु संसारमा अरू केही छैन । प्रेमले पापीलाई पनि सुधार्छ । प्रेम त्यो हतियार हो जसको प्रयोगले शत्रु पनि मित्र बन्दछ"

भनौं फेब्रुअरी १४ का दिन युवा युवतीले प्रेम पत्र साटासाट गर्न थाले र फेब्रुअरी १४ लाई विशवभरि नै प्रेम दिवसको रूपमा मनाउन थालियो । अहिलेको विश्वमा प्रेमपत्रहरू आदान प्रदान गरेर, कार्ड तथा फूलहरू दिएर, इमेल इन्टरनेटको माध्यमबाट भावनाहरू साटासाट गरेर प्रेम दिवस मनाइन्छ ।

हामीलाई थाहा भएकै कुरा हो, विक्षिप्तता , घृणा, हत्या , अन्याय ,अत्याचार, युद्ध,धोका , दु:ख,पीडा जस्ता नराम्रा कुराहरू प्रेमको अभावमा हुने गर्दछ । यसै कुरालाई मनन् गरेर विश्व चर्चित व्याक्तित्व माहात्मा गान्धी भन्नुहुन्छ । –" प्रेम भन्दा ठुलो वस्तु संसारमा अरू केही छैन । प्रेमले पापीलाई पनि सुधार्छ । प्रेम त्यो हतियार हो जसको प्रयोगले शत्रु पनि मित्र बन्दछ । " साँचो अर्थमा भन्ने हो भने प्रेमले मानिसलाई नयाँ जीवन दिन्छ । यस कुरालाई महान वैज्ञानिक, दार्शनिक, चिन्तकहरूले स्वीकारी सकेका छन् । प्रेम भनेको आत्माको आवाज हो, यो कुनै बनावटी कुरा होइन । आजको विश्वमा उमेर पुगेका युवा युवतीहरू प्रेम संसारमा अनुशासिल रूपमा लाग्नुलाई अन्यथाको रूपमा मान्नु हुँदैन । त्यसो त कलिलो उमेरका किशोर किशोरीहरूको बौद्धिकतामा आउन सक्ने कमीले गर्दा प्रेम वरदान नभएर अभिसाप पनि बन्न सक्दछ । कलिलो उमेरका किशोर किशोरीहरूले प्रेमभन्दा अध्ययन पूरा गरेर बसेका युवा युवतीहरूलाई भने प्रेमको ठूलो महत्व छ । प्रेमले युवा युवतीभित्र लुकेर रहेका अन्तर्निहित भावनालाई प्रस्फुटित गरिदिन्छ र आफ्नो आनन्दमय जीवनलाई अगाडि बढाउँदछ । वयस्क अवस्थाका युवा युवती बीचमा प्रेमको अत्यन्तै आवश्यकता छ । प्रेमले गर्दा नै मानिसको जीवन सफल हुन्छ । प्रेम नभएको दाम्पत्य जीवन असफल र अपूर्ण हुन्छ । वास्तवमा भन्ने हो भने प्रेम अद्भूत छ , यसमा स्वर्गीय आनन्द लुकेको छ । जीवनको सम्पूर्ण सुख भनेकै यही प्रेममा टिकेको छ । प्रेम दिवसमा युवा युवतीले मन खोलेर प्रेम प्रस्ताव राख्ने गर्दछन् । तसर्थ पनि प्रेम दिवसको महत्व आजको विश्वमा दिन प्रतिदिन बढ्दै गइरहेको छ । जसरी प्रजातन्त्र प्रेमीहरूको लागि प्रजातन्त दिवसको महत्व छ , नारीहरूको लागि नारी दिवसको महत्व छ , त्यसैगरी प्रेमी प्रेमीकाहरूको लागि प्रेम दिवसको महत्व छ । फेब्रुअरी १४ का दिन विश्वभरिका अरबौं युवा युवतीहरूले स्वच्छ आत्माले आ-आफ्नै ढंगले प्रेम दिवस मनाउँछन् ।

# सिन्धुलीगढीमा बन्दैछ पहिलो युद्ध संग्रहालय



> १७७९ पुस २७ गते जन्मेका राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले तत्कालीन समयमा छरिएका विभिन्न राज्यलाई एकीकृत गर्ने उद्देश्यले १८०१ असोज १५ गते नुवाकोटमा आक्रमण गरी विजय प्राप्त गरेका थिए । त्यसपछि क्रमिकरुपमा ससाना विभिन्न राज्य जोड्ने र त्यसको रक्षा गर्ने रणनीतिमा गोर्खाली सेना थियो । त्यतिखेर गोर्खाली सेनाले काठमाडौँ उपत्यकामा नियन्त्रण राख्न सकेको थिएन

सुन्दर ऐतिहासिकस्थल सिन्धुलीगढीमा युद्ध संग्रहालय बन्ने भएको छ । गोर्खाली सेनाले ब्रिटिस सेना (इस्ट इन्डिया कम्पनी) लाई पराजित गरेको ऐतिहासिक तथ्यलाई जीवन्त बनाउन नेपाली सेनाले यहाँ संग्रहालय निर्माण गर्ने भएको हो । नेपाली वीरताको यो तथ्य नेपालको इतिहासमा त स्वर्ण अक्षरले लेखिएकै छ, अब बन्ने यो संग्रहालयले यसलाई युगौँसम्म पनि ताजा बनाइराख्ने नेपाली इतिहासविद्हरूको भनाइ छ । त्यसो त सिन्धुलीगढीको इतिहासबाहेकको अर्को सुन्दरतासँग जोडिएको तथ्य पनि छ । नेपालको लोक संस्कृतिका क्षेत्रमा भिजेको एक कर्णप्रिय गीत 'सिन्धुलीगढी घुमेर हेर्दा सुन्तली माई कतिमा राम्रो दरबार, मार्‍यो नि मायाले मार्‍यो' ले पनि यस स्थललाई सबै नेपालीमा परिचित बनाएको छ ।

लोकगायक कृष्णविक्रम थापाले २०३० को दशकमा गाउनुभएको यो लोकगीतले नेपाली वीरताको प्रतीकका रूपमा परिचित सिन्धुलीगढीको ऐतिहासिक पहिचानमा सुन्दरता थपिदिएको छ । हाल प्रदेश नं ३ को कमलामाई नगरपालिका-३ स्थित सिन्धुलीगढीमा छ हजार २०० वर्गफिटमा रहने गरी संग्रहालय निर्माणका लागि यही माघको पहिलो सातादेखि काम थालिएको छ । १८२४ असोज १५ मा तत्कालीन नेपाली सेना (गोर्खाली सेना) ले अंग्रेज सेनासँग युद्ध गरी प्राप्त गरेको सफलताले मुलुकको एकीकरणलाई सहयोग पुगेको थियो । तत्कालीन इस्ट इन्डिया कम्पनीका कप्तान किन लकको नेतृत्वमा नेपाल कब्जा गर्न आएको अंग्रेज फौजलाई यस गढीको आसपास क्षेत्रमा गोरखाली सेनाले पराजित गरेको थियो ।

१७७९ पुस २७ गते जन्मेका राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले तत्कालीन समयमा छरिएका विभिन्न राज्यलाई एकीकृत गर्ने उद्देश्यले १८०१ असोज १५ गते नुवाकोटमा आक्रमण गरी विजय प्राप्त गरेका थिए । त्यसपछि क्रमिकरूपमा ससाना विभिन्न राज्य जोड्ने र त्यसको रक्षा गर्ने रणनीतिमा गोर्खाली सेना थियो । त्यतिखेर गोर्खाली सेनाले काठमाडौं उपत्यकामा नियन्त्रण राख्न सकेको थिएन । यस स्थानमा गोर्खाली सेनाले युद्ध गरी अंग्रेज सेनाका 'किन लक' नेतृत्वको दुई हजार ४०० सैनिकमध्ये एक हजार ६०० सैनिकलाई मारेको इतिहास अब यस युद्ध संग्रहालयमा पनि सङ्गहित हुनेछ । चालु आवको असार मसान्तसम्म निर्माण सम्पन्न गरिने उक्त संग्रहालय नेपालकै पहिलो युद्ध संग्रहालयका रूपमा समेत रहने छ । यहाँको मौलिकतालाई समेट्ने संग्रहालयको बाहिरी संरचना निर्माणका लागि नेपाली सेनाले चार करोड ५० लाख खर्च विनियोजन गरेको सिन्धुलीगढीस्थित ब्रदबहादुर गणका प्रमुख राजीव थापाले जानकारी दिए । करिब दुई हजार ५०० मिटर अग्लो स्थानमा एक तल्ले सो भवनमा नौ वटा कक्ष हुनेछन् । त्यसमा तत्कालीन युद्धमा प्रयोग गरिएका सैनिक पोशाक, हातहतियार, अन्य सैन्य सामग्री र त्यस युद्धमा प्रयोग भएका अरू ऐतिहासिक वस्तु तथा सामग्री संग्रह गरिने छ । युद्धसम्बन्धी जानकारी दिन वृत्तचित्र प्रदर्शनका लागि श्रव्य दृष्य कक्ष एवं प्रदर्शनी कक्षको पनि व्यवस्था गरिएको छ । गण प्रमुख थापाले भने, 'नेपालकै पहिलो युद्ध संग्रहालय निर्माणको क्रममा छ, छिमेकी राष्ट्र चीनका विभिन्न सहरमा रहेका यस किसिमका स्थलको भ्रमण गरी प्राप्त अनुभवका आधारमा यसलाई नमूनाका रूपमा विकास गर्ने हाम्रो योजना छ ।' त्यसबेलाको सैन्य संस्कृति, युद्ध अवस्था र हाम्रो सभ्यतासँग जोडिएको संग्रहालयमा तत्कालीन छ वटा शिलालेख समेत राखिने छ । हाल सेनाको संरक्षणमा रहेका ती शिलालेख देवनगरीमा लेखिएका छन् र केही अस्पष्ट देखिन्छन् ।

प्राध्यापक डा. रमेश ढुंगेलले नेपालको वीरताको युद्धका रूपमा लिइने उक्त सिन्धुलीगढीमा युद्ध संग्रहालयको स्थापना गरिनु राम्रो कुरा हो भने । उनले विश्वमा देशको गौरव बढाउने यस्ता संस्थामा संग्रहालयलाई अन्तर्राष्ट्रिय तहमा बुझेका र ऐतिहासिक तथ्यलाई अनुसन्धानका आधारमा पुष्टि गर्न सक्ने विज्ञ समूहलाई सल्लाहाकारका रूपमा राख्नुपर्ने सुझाव पनि दिए । उनको सुझाव थियो, 'यहाँ तत्कालीन युद्धलाई प्रतिबिम्बित हुने गरी सामग्री राख्नुपर्छ, हात हतियार, पोशाकका साथै अरिंगालका गोलालाई पनि प्रतीकात्मक रूपमा राख्नुपर्छ ।' त्यस युद्धमा सिन्धुलीगढीको जंगलमा रहेका अरिंगालले चिलेर ब्रिटिसतर्फका कतिपय सेना मारिएको ऐतिहासिक तथ्य भेटिन्छ ।

काठमाडौंका तत्कालीन राजा जयप्रकाश मल्लको सहयोगार्थ आएका इस्ट इन्डिया कम्पनी सेनाले सिन्धुलीगढीमा गोर्खाली सेनासँग युद्ध गरी उनीहरूले जितेका राज्यसमेत कब्जा गर्ने उद्देश्यले आएका थिए । पूर्वमा जापानदेखि पश्चिमका ल्याटिन अमेरिकी भू-भागमा फैलिएको ब्रिटिस साम्राज्यलाई रोक्न शाहको नेतृत्वमा सञ्चालन भएको एकीकरण अभियानलाई सफल बनाउन अंग्रेजसँग युद्ध भएको थियो । सानो गढी र ठूलो (पौवा) गढी भनेर दुईवटा गढीमा विभाजित सिन्धुलीगढीको विशेष महत्वलाई तत्कालीन जनरल भीमसेन थापाले बुझेर एउटा स्थायी सैन्य टोलीको व्यवस्था गरेको पाइन्छ । बेलायती सेनासँग अत्याधुनिक हातहतियार भए पनि गोरखाली सेनाले स्थानीयको सहयोगमा घरेलु हतियारले युद्धमा सफलता कायम गरी मुलुकको भूगोल रक्षा गरेका थिए । सोही कारण नेपालीको शिर सधैं उच्च रहेको छ र नेपालले आजसम्म स्वाभिमानी राष्ट्रका रूपमा आफूलाई चिनाउँदै आएको छ । इतिहासकारहरूको अध्ययन अनुसन्धानअनुसार त्यसबेला हाम्रा पुर्खाले बल, बुद्धि र विवेकले सिन्धुलीगढी युद्ध नजितेको भए नेपालको एकीकरण कठिनप्रायः थियो । काठमाडौंदेखि १५० किलोमिटर दूरीमा रहेको सिन्धुलीगढी नेपाली स्वाभिमानको प्रतीक मात्र नभई आधुनिक नेपालका लागि गौरवपूर्ण इतिहास बोकेको स्थल पनि हो । विदेशी हमलालाई परास्त गरेर राष्ट्रिय स्वाभिमानलाई सधैं उचो बनाएको सिन्धुलीगढी नेपाल-अग्रेज युद्धको जीवित दस्तावेज हो ।

पुरातत्व विभाग, कमलामाई नगरपालिकालगायतले भवनको भित्री सजावटलाई आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । कमलामाई नगरपालिकाका प्रमुख खड्गबहादुर खत्रीले नेपालको ऐतिहासिक राष्ट्रिय पहिचान बोकेको सिन्धुलीगढीको युद्धले आधुनिक नेपालको निर्माणमा महत्वपूर्ण योगदान गरेको बताउँदै विशाल स्वतन्त्र देशका रूपमा नेपालको पहिचानलाई विश्वमा फैलाउन संग्रहालय महत्वपूर्ण हुने र यसलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गरिने प्रतिबद्धता व्यक्त गरे । यसले आन्तरिक मात्र नभई अन्तर्राष्ट्रिय पर्यटन प्रवर्द्धनमा समेत सहयोग पुग्ने हुँदा यो स्थललाई अन्तर्राष्ट्रियकरण गर्न गढी आसपास क्षेत्रका सम्पदा संरक्षण र पूर्वाधार विकासको आवश्यक रहेको स्थानीयको भनाइ छ । सिन्धुली दरबार, किल्ला, पौवा गढी यहाँका आकर्षकस्थल हुन् ।

विश्वका इतिहास अध्ययन र अनुसन्धानको गन्तव्य बन्न सक्ने सिन्धुलीगढीको इतिहास अध्ययनका लागि विदेशी देशका उच्च सैनिक अधिकारी पनि यस स्थलमा पुगेका छन् । रामेछापको सेरोफेरो, दोलखाको गौरीशङ्कर हिमालको दृश्य, र तराईका समथर भूभाग देखिने यो स्थान महाभारत रेन्जमा छ ।

विपी राजमार्ग निर्माण भएपछि गढी घुम्न जान यातायातको सहज पहुँच छ । सिन्धुलीमाढीबाट करिब २० किलोमिटरको दूरीमा कैयौं घुम्तीसहितका मोड छिचोल्दै उकालो लागेपछि गढी पुगिन्छ । जापान सरकारको सहयोगमा निर्माण सम्पन्न भएको यो राजमार्ग बनेपादेखि बर्दिबास हुँदै पूर्वी तराई भेगमा झर्न सकिन्छ । राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको २९८औं जन्मजयन्ती सन्दर्भमा उनको पूर्णकदको शालिक संग्रहालय नजिक स्थापना गरिएको छ । उक्त युद्धमा वीरगति प्राप्त गरेका नेपाली तथा विदेशीको सम्झनामा समाधिस्थलमा पार्क निर्माण गर्ने तयारीसमेत भइरहेको छ । मुलुकको एकीकरणका साथै विश्वलाई नै युद्धको सफल सन्देश दिने सिन्धुलीगढी विश्व इतिहासमा सैन्य सभ्यताको पाठशाला हो । बन्न लागेको संग्रहालयले नेपाली वीरतालाई विश्वमा पुर्‍याउने सिन्धुली जिल्ला समन्वय समितिका प्रमुख शंकर तिवारीले बताए । सिन्धुलीमा भएका पर्यटकीय क्षेत्रको विकास क्रममा उक्त संग्रहालयले महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास उनले व्यक्त गरे । नेपाली सेना, पत्रकार महासंघको सक्रियतामा तीन वर्षदेखि कात्तिक २४ गते यहाँ विजयोत्सव मनाउन गरिएको छ ।

असोज १५ गते यस युद्धमा नेपालले विजय प्राप्त गरेको भए पनि दशैंलगायत चाडपर्वका कारण कात्तिकमा कार्यक्रम गर्न थालिएको हो । नेपालले सुगौली सन्धिपछि कुनै पनि देशसँग युद्ध गर्नुपरेको छैन, नेपालले अवलम्बन गरेको असंलग्न परराष्ट्र नीतिका कारण बेलायतसँग अहिले मैत्रीपूर्ण सम्बन्ध छ । बेलायती नागरिकले आफ्ना पूर्वजले युद्ध गरेको स्थान अवलोकन गर्न आउने र जानकारी लिने स्थलको महत्वसमेत यो संग्रहालयले बोक्ने देखिन्छ । मुलुकको आर्थिक समृद्धिका लागि पर्यटन स्रोतको आधार बन्न सक्ने सम्भावना बोकेको संग्रहालयले स्वदेशी तथा विदेशी पर्यटकलाई दीर्घकालसम्म आकर्षित गर्ने स्थानीयको भनाइ छ । सरकारले हालै घोषणा गरेको पर्यटन वर्षलाई सफल बनाउनसमेत यसले प्रभावकारी भूमिका निर्वाह गर्नेछ । त्यसैगरी नेपाली समाजलाई पूर्वजको वीरताको अध्ययन गरी राष्ट्रिय एकता बलियो बनाउन पनि यस सङग्रहालयले अभिप्रेरित गर्नसक्ने अनुमान गरिएको छ । नेपाल र बेलायतको दौत्य सम्बन्ध कायम भएको करिब सात दशक पूरा भइसकेको छ । यस अवधिमा दुवै मुलुकका द्विपक्षीय हितका विषयमा कार्य भएका छन् ।

गोर्खाली सेनाले यहाँ प्रदर्शन गरेको युद्धकलाले विभिन्न समयमा विश्व परिवेशमा चर्चा हुने गरेको छ, जसले समग्र नेपाल र नेपालीको पहिचान बढाएको छ । स्वाभिमानी नेपालीले स्वाधीनताका लागि वैरी सामु गरेको युद्धले भारत, बेलायतजस्ता मुलुकले आफ्नो सैन्य संरचनामा 'गोरखाली पल्टन' स्थापना गरी नेपालीलाई भर्ना लिने गरेका छन् । ती देशबाट उच्च सैनिक पदकसमेत नेपालीले प्राप्त गर्ने विषयले सबै नेपालीलाई गौरवान्वित बनाएको छ ।

सन् १९१५ मा बेलायतको उच्च सैनिक पदक भिक्टोरिया क्रस पाउने पहिलो नेपाली कुलवीर थापा छन् । त्यस्तै बेलायत सरकारद्वारा प्रदान गरिने उच्च सैनिक पदक भिक्टोरिया १३ जना नेपालीले प्राप्त गरेको इतिहास छ । सिन्धुलीको पुरानो मुकामका रूपमा सिन्धुलीगढी रहेकाले यहाँ आवश्यक कार्यालय राखिएको थियो । सिन्धुलीगढीको अर्को विशेषता भनेको दरबार र मन्दिर पनि हो । मकवानपुरका राजा शुभ सेनका छोरा माणिक्य सेनले वि.सं १७६२ मा सिन्धुलीगढीको निर्माण गराएको इतिहास भेटिन्छ ।

# देउताको विकल्प र भरोसा दे सरकार



केशवी जोशी

छाउ प्रथाको त्रासमा बाँचिरहेको मध्य र सुदूरपशिचम अहिले झनै ठूलो चपेटामा छ । 'दोस्रो दर्जा'का महिला पनि अहिले झनै पीडामा छन् । छाउगोठ भत्काउन र छाउपडी प्रथा हटाउन सरकारले लिएको दृढ संकल्पले त्यहाँ सन्नाटा छाएको छ । अहिलेसम्म करिब १५ सयको हाराहारीमा छाउगोठ भत्काइएका छन् । छाउगोठ भत्काएपछि, महिनावारी बार्नका लागि पाल, ओडार, जस्ता झनै असुरक्षित स्थानको प्रयोग भएको छ । जसले गर्दा सबैतिरबाट सरकारको उक्त अभियानको आलोचना पनि थालिएको छ ।

अझ बढी त कर्णाली र सुदूरपशिचका काठमाडौंमा बस्ने शिक्षितहरू नै यसको आलोचना गरिरहेका छन् । 'आफ्नो गाउँ आफैं बनाऔं' भन्ने संकल्प भने उनीहरूमा छैन । उनीहरू भन्छन्, छाउपडी त्यहाँको संस्कार बनिसकेको छ । यति सजिलै हट्ने देखिँदैन । त्यसो भए संस्कार भनेर चुप लागेर बसिरहने त ? प्रश्न अनुत्तरित हुन्छ । उनीहरू परिवर्तन चाहेको बताउँछन् । कस्तो परिवर्तन, छाउपडी निर्मुल या सुधारिएको छाउपडी ? बोल्न सक्दैनन् । अर्कोतिर सरकारले बिना गृहकार्य छाउगोठ भत्काउने काम गर्‍यो । महिनावारी बार्न महिलाहरूको लागि विकल्प दिनुपर्थ्यो । तर, छाउगोठको विकल्पक के ? कसैले सुझाएको देखिएन । कसैले पनि आफ्ना घरका मानिसलाई देउता रिसाउँदैन, रिसाए हेरौँला भन्न सकेनन् ।

मध्य र सुदूरपश्चिमका जिल्ला पुगेका र महिनावारी बारिरहेका, छाउगोठमा बसेका महिलासँग प्रत्यक्ष कुराकानी गरेको र दुःख देखेको र बुझेको बताउने काठमाडौंका शिक्षितहरू भने सरकारको छाउगोठ भत्काउने कार्यको प्रशंसा गरिरहेका छन् । सरकार पनि मख्ख छ । छाउगोठमा बस्नु पर्दाको पीडा कति हुन्छ, देख्नेलाई भन्दा भोग्नेलाई थाहा हुन्छ । राजधानीबाट मात्र आवाज उठाएर केही हुँदैन । सरकार जति कठोर बन्दै गयो, त्यहाँ महिलाको जनजीवन त्यति नै कष्टदायी बन्ने पक्का छ । पुरुषले त झन् यो विषयलाई महत्व दिदैनन् । जसले गर्दा मनरोगी महिलाको संख्या बढ्ने पक्का छ ।

छाउपडी प्रथाविरुद्ध जनस्तरबाट आवाज उठ्नुपर्छ । त्यो आवाज उठ्नका लागि सरकारले जनचेतनाको आवाज बुलन्द बनाउनु पर्छ । त्यहाँका छोरी, बुहारीले छाउ प्रथाकाविरुद्ध बोल्न नसकुन्जेल छाउपडी प्रथा हट्न सम्मभव छैन । आज छाउगोठ भत्काएर छाउपडी मुक्त घोषणा गरिएका गाउँ केही दिन मै छाउगोठयुक्त बन्ने छन् । अशिक्षा, जनचेतनाको अभाव, सरसफाईको अभाव र स्वाथ्य सेवाको अभाव भोगिरहेका ती गाउँहरूमा जब कोही बिरामी हुन्छ, पहिले ऊ धामी र पुरोहित कहाँ पुग्छ, अनि देउता रिसाएको देखिन्छ । कारण छाउ नबारेको देखिन्छ । अर्थात् महिनावारी भएका बेला महिला घरमा बसेकोले त्यस्तो संकट आएको निर्क्यौल गरिन्छ । बिरामी हुँदा धामी र पुरोहितभन्दा चिकित्सक कहाँ जान सक्ने अवस्था, औषधि सजिलै पाउँने अवस्था नहुन्जेल यो प्रथा कायम रहन्छ । किन कि जो कोही पनि बाच्न चाहान्छ, आफ्नो परिवारलाई बचाउन चाहान्छ । जसले जे सल्लाह दिन्छ ऊ त्यही मान्छ । उसँग बिरामी च्यापेर सहर, बजार जान सक्ने आर्थिक अवस्था हुदैन । अनि, ऊ पुरातन सोचमा बाँच्न विवश हुन्छ । गाउँमा धामी, झाँक्री सजिलै उपलब्ध हुन्छन् । तिनीहरूको शरणमा जानुको विकल्प छैन । सामान्य रुघाखोखी, झाडापखाला लाग्दा र टाउको दुख्दा सिटामोलको अभाव खेपिरहेका त्यहाँका जनताले भगवानको भर नगरी कसको गर्ने ? सरकारले दरो भरोसा दिन नसकुन्जेल जस्तासुकै कार्यक्रम अगाडि ल्याए पनि छाउपडी प्रथा हटाउन गाह्रो छ । सरकारले भगवान भरोसाको विकल्प दिनुपर्छ । उचित शिक्षासँगै उचित स्वास्थ सेवा पनि दिनु पर्छ । नत्र देउता रिसाउने डर कहिले सकिदैन । अर्थात् छाउगोठ बनिरहन्छन् । त्यहाँको आधारभूत आवश्यकता पूरा गरेर सरकारले म नै देउता हुँ, ममा विश्वास गर भन्नसक्नु पर्छ । अन्धविश्वासबाट बाहिर आउन सहयोग गर्नुपर्छ ।



खान, बस्न र लगाउने लुगाकै समस्या व्यहोरिरहेका परिवारहरूमा छाउ प्रथा झन् भयावह छ । सरकारको ध्यान त्यता जान जरुरी छ । छाउगोठबाट घरमा सुत्न सक्ने वातावरणको निर्माण गर्ने कार्य पनि सरकारकै हो । समाजबाट वा समाजका अगुवा, धामी, पुरोहितलाई सद्भावना दूत बनाएर उक्त वातावरणको निर्माण हुने अपेक्षा राख्न सकिन्छ, तर विश्वास हैन । किनभने उनीहरूको अन्तर आत्माबाट छाउ प्रथाको सोच जानसकेको हुँदैन । अहिले सरकारको कर र डर दुवैबाट केही विचलित अवश्य भएका छन् । जुन द्वन्द्वकालमा देखिइसकेको हो । राम्ररी अध्ययन गर्ने हो भने त्यतिबेला बाहिर नआए पनि डर र त्रासका कारण छाउगोठबाट घरमा सुतेका किस्सा त्यहाँका केही महिलासँग छन् । तर, माओवादीले शान्तिको धार समातेसँगै त्यहाँको अवस्था पुरानै रहन पुग्यो ।

त्यस्तै, २० वर्षदेखि काम गर्दै आएका सरकारी र गैर सरकारी संगसंस्थाहरूले छाउपडी गोठ मुक्त घोषणा गरेका गाउँ फेरि पुरानै सोचमा फर्किएका उदाहरण पनि छन् । सकारले किन त्यस बारेमा अध्ययन गर्न जरुरी देखेन र मुढेबलले छाउगोठ भत्काउने अभियान अगाडि बढायो ? त्यसको शिकार महिलाहरू नै बन्न पुगे । किन कि छाउ प्रथा उनको मनको डर हो । बाध्यता र मायाका कारण उनीहरू आफू मरेर पनि परिवार बचाउन चाहान्छन् । तर, परिवार समाज भने उनीहरू मरे पनि हुन्छ तर, देउता भने रिसाउनु भएन सोच्छ । हो, यही सोचलाई भत्काउनु छ । तिमीहरूका बारेमा समाज सोच्दैन भने तिमीले समाजको ठेक्का किन लिने ? भनेर त्यहाँका दिदी बहिनीहरूको आवाज छाउ प्रथाविरुद्ध उठानउन सक्नु पर्छ । महिनावारी बार्न बनाएका छाउगोठ त देखिने थिए र भत्काउन सजिलो भयो । तर, छाउगोठ नभएका मध्य र सुदूरपश्चिमका जिल्लाहरूमा महिनावारी भएका महिला बाख्रा, गाई भैंसीका गोठमा समेत सुत्ने गर्छन् । के यो अवस्था छाउगोठभन्दा कम खतरनाक छ ? अब विचार गरौं, त्यहाँ कतिको सरसफाई होला, के ती महिलाहरूले सेनेटरी प्याडका बारेमा सुनेका होलान् ? कतिपय ठाउँमा कट्टु लगाउने र कपडाको प्रयोग बारेमा समेत ज्ञान छैन । सेनेटरी प्याड किनेर प्रयोग गर्न सक्ने आर्थिक स्थिति गाउँमा पक्कै छैन । कट्टु र कपडाको प्रयोग गर्न सकिन्छ भनेर कसले सिकाउने ? यस्ता विषयमा बोल्नु भनेको त ठूलो कसरत गर्नु पर्छ । झन् मनाउन त सकस नै हुन्छ । जबसम्म त्यहाँका महिलाहरूको चेतना, आर्थिक र सामाजिक स्थिति पुरुषसरह पुग्दैन, छाउ प्रथाको अत्याचार बेहोरी रहन्छन् । तर, छाउगोठ त भत्काउन सकिन्छ । जुन कार्य सरकारले अहिले गरिरहेको छ । यो धेरै पहिले नै गरिसक्नु पर्थ्यो । कानुन बनेको चार वर्ष हुनलाग्दा बल्ल सरकारले आँट गर्‍यो तर, बिना अध्ययन । चार वर्षसम्म सरकार छाउपडी गोठविरुद्ध उजुरी पर्ला र कारबाही अगाडि बढाउने भन्दै बसिरह्यो । कसैले उजुरी गर्न सकेनन् । समाज र परिवारबाट अलग हुनुपर्ने डरले महिलाहरू चुपचाप महिनावारीको पीडा सहिरहेका छन् ।

समाजमा विद्रोह गर्ने साहस कसरी आउला र तिमी विद्रोह गर पछाडि म छु भन्ने को होला ? कत्तिको महिलामैत्री छ त्यहाँको समाज, जस्ता कुराहरूको बारेमा बुझ्न् जरुरी मानेन सरकारले । परिवारबिना कसरी बाँच्ने अनि, समाजबिना परिवार कसरी बस्ने ? समाजबाट अलग्गिनुभन्दा छोरी बुहारी त्याग्न सक्छ परिवार । तर, यदि यो समस्या छोरा मान्छेको हुँदो हो भने समाज कायापलट हुन्थ्यो कि ! *(महिला खबरबाट)*

# भूषालले ल्याइन् 'नूतन शैली'




■ सौर्य समाचार

काठमाडौं । गीतकार नूतन भूषालको एल्बम 'नूतन शैली' सार्वजनिक गरिएको छ । राजधानीमा गीतकार प्रा.डा. कृष्णहरि बरालले उक्त एल्बमको सार्वजनिक गरे । शुभकामना मिडिया सोलुसनले आयोजना गरेको कार्यक्रममा डा.बरालले गीति लेखनमा पहिला केटाले केटीलाई सुनाउने गीत लेख्ने गरिन्थ्यो भने गीतकार भूषालले भने केटीले सुनाउने र केटाले सुन्ने खालका गीतको निर्माण भएको बताए । उनले भूषालको गीतिलेखनले फरकपन दिएको जिकिर गरे ।

गीतकार भूषालले प्रवासमा रहँदा आफूले भोगेका र देश छोड्दा छचल्किएका भावना र संवेदनालाई गीतमार्फत् उजागर गरेको बताइन् । उनले नूतन शैलीमार्फत् आधुनिक संगीतमा एउटा इँटा थप्ने काम गरेको जनाउँदै संगीतकार सुनिल मास्केको सहयोगले एल्बम निकालेको सुनाइन् । संगीतकार राजु सिंहले सुनिल मास्केका संगीतमा मौलिकता र सरलताभित्र गहनता भएको बताए । त्यस्तै गीतकार भुसालको लेखनले आफू पनि लोभिएको उनले बताए । त्यस्तै गीतकार डा.राजुबाबु श्रेष्ठले गीति लेखनमा गरेको लगानीले देश र परिवेशभित्र महत्वपूर्ण भूमिका खेलेको बताए । उनले नूतनको लेखनप्रति आफूलाई मोह जागेको धारणा व्यक्त गरे ।

गीतकार भूषालकी आमा रामकुमारी भूषालको सभापतित्व रहेको थियो । उक्त कार्यक्रममा गीतकार डा.राजुबाबु श्रेष्ठ, संगीतकार राजु सिंह विशेष अतिथिका रूपमा रहेका थिए ।

कार्यक्रममा सभापतिको आसनबाट बोल्दै गीतकार भुसालकी आमा रामकुमारी भुसालले आफूले छोरीको भावना बुझेर स्टेज दिन नसकेको सुनाइन् । उनले समय अनुसार काममा ध्यान दिइयो भने सफलता हासिल गर्न सहज हुने बताइन् ।

कार्यक्रममा भमराको 'भुनभुन सुन्छु' र ' थाहा छैन के हुन्छ' गीतको भिडियो सार्वजनिक गरिएको थियो । भिडियोलाई युवराज वाइवा र मदन खड्काले निर्देशन गरेका छन् । जसमा अनिता रन्जितकार, सोनु लामा, मन्दिरा न्यौपाने, आश्विन भुसाल र ऋचा थापालगायतका कलाकारको अभिनय छ ।

'नूतन शैली' मा गीतकार नूतनको एकल शब्द एवं संगीतकार सुनिल मास्केको संगीतमा रहेको छ । एल्बममा भमराको भुनभुन, थाहा छैन के हुन्छ, देखेको छैन, कुक्क लाग्यो बाडुल्की, तिम्रो साथभन्दा प्यारोलगायतका पाँचवटा गीत समावेश गरिएको छ । जसमा प्रविशा अधिकारी, निशा देशार, मीना निरौला, प्रताप दास र पूर्णिमा लामाले आवाज दिएका छन् । गीतमा प्रदीप श्रेष्ठ, सञ्जीव बराइली र सचिन सिंहको संगीत संयोजन रहेको छ भने किशोर थापाको मिक्सिङ तथा मास्टरिङ रहेको छ ।

# एफएलएफ प्रदान

■ सौर्य समाचार

काठमाडौं । लिम्बू भाषा तथा संस्कृतिको संरक्षण, प्रवर्द्धन तथा विकास गर्ने लक्ष्यका साथ आयोजना गरिएको अवार्ड कार्यक्रम राजधानीमा सम्पन्न भएको छ । लिम्बू भाषमा निर्माण भएका चलचित्र तथा म्युजिक भिडियोको संयुक्त अवार्ड 'एफएलएफ अवार्ड २०७६' मा विभिन्न व्यक्तित्वलाई सम्मान गरियो । कार्यक्रममा प्रमुख अतिथि नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले कला, संस्कृति तथा भाषाको संरक्षणविना राज्य बलियो हुन नसक्ने बताए ।

उनले देशलाई मौलिक संस्कृतिले चिनाउने भएकाले यसको विकासका लागि राज्य तथा सबै तह र तप्काले विशेष ध्यान दिनुपर्नेमा जोड दिए । उक्त अवार्ड कार्यक्रममा सातवटा लिम्बू चलचित्र र २० वटा गीति भिडियोलाई समावेश गरिएको थियो । यस अवार्डमा लिम्बू चलचित्रबाट अवार्ड पाउनेमा निर्देशक सागर केरुङ, नायक भीम तुम्बाहाम्फे, नायिका पुष्पा लिम्बू, गायक मनि ताम्लिङ, गायिका श्रेयसी चेम्जोङ, संगीत कुल्बा सुब्बा, कथा सागर केरुङ, छायांकन भुपेन्द्र तुम्बाहाम्फे थिए ।

त्यस्तै गीति भिडियोतर्फ निर्देशक लोकेन सावा लिम्बू, गायक सुसन साम्सोहाङ, गायिकाका दिपा सुहाङ, नायक तथा मोडल रुद्र पाहिम लिम्बू, नायिका तथा मोडल लक्ष्मी योङहाले अवार्ड पाए । त्यस्तै, पब्लिक अवार्डमा गायक निर्मल तुम्बाहाम्फे अब्बल रहँदा जुरी अवार्ड नायक नरेन्द्र सेन्दाङ र नायिका बबिता फोम्बोले पाए । नवनायकतर्फ विशाल सेनेहाङ उत्कृष्ट ठहरिए ।

फाल्गुनन्द लिङ्देन फिल्मस आयोजक रहेको कार्यक्रममा अवार्डका जुरी येहाङ लावती र विनोद सेरेङलाई सम्मान गरिएको थियो । आयोजकले गायक भगत सुब्बालाई लाइफ टाइम एचिभमेन्ट एवार्ड प्रदान गरे । कार्यक्रममा सोम लामा, सरिता राना, नुमा शेर्पा र दिपा सुहाङले सांगीतिक प्रस्तुति दिँदा यासेली योङहाङले कार्यक्रम सञ्चालन गरेकी थिइन् । कार्यक्रममा नेपाली चलचित्रका निर्देशक मदन घिमिरे, गायका धिरज राई र पत्रकार पारसमणि पौडेललाई सम्मान गरिएको थियो ।

# 'प्रेम गीत ३' को ४५ हजार डलर

■ सौर्य समाचार

काठमाडौं । अभिनेता प्रदीप खड्का र नवोदित अभिनेत्री क्रिस्टिना गुरुङ अभिनीत चलचित्र 'प्रेम गीत ३' ४५ हजार डलरमा अमेरिका तथा क्यानडा राइट्स बिक्री गरिएको छ । विदेश राइटस् अन्तर्गत अमेरिका, क्यानडा, मेक्सिको (नर्थ अमेरिका) को लागि उक्त रकममा सम्झौता गरिएको निर्माण पक्षले जनाएको छ । यी देशका लागि ग्लोबल नेपाली फिल्म अवार्डका अध्यक्ष एवं विभिन्न चलचित्रमा काम गरिसकेका नवराज श्रेष्ठले राइटस् सोमबार खरिद गरेको निर्माता निर्देशक सन्तोष सेनले जानकारी गराए ।

आगामी २८ चैतबाट देशव्यापी प्रदर्शनमा आउने तयारीमा रहेको यस चलचित्रको गीत 'हात्ती ढुंगामा' भिडियो रिलिज यसै साता युट्युब ट्रेन्डिङ एकमा समेत पर्न सफल भयो । चलचित्रको माग अहिले बढेको र अब युरोप एवं अस्ट्रेलिया राइट्स पनि बेच्ने निर्देशक सेनले जानकारी दिए ।



राजेश श्रेष्ठले छायांकन गरेको यो चलचित्र कल्याण सिंहको संगीत, कविराज गहतराजको नृत्य रहेको छ । गीतको सम्पादन बनिश शाह र भूपेन्द्र अधिकारीले गरेका हुन् । 'प्रेम गीत ३' लाई छेतेन गुरुङ र सन्तोष सेनले निर्देशन गरेका हुन् । चलचित्रका निर्माता सन्तोष सेन हुन् भने सहनिर्माता कुमार सान शाह हुन् ।

यो चलचित्रमा अभिनेता खड्का, अभिनेत्री गुरुङसँगै शिव श्रेष्ठ, सुनिल थापा, मनिष राउत, सन्तोष सेन, माओत्से गुरुङ, पुष्कर कार्की, प्रेम पुरी, अनुभव रेग्मी, योगिसा खत्री, लक्ष्मी बर्देवा, समृद्धी शाही ठकुरी, क्रिजन गौतम, जीवन बराल, जीवन भट्टराई, राज थापा, सुजल बस्नेत लगायतका कलाकारको मुख्य भूमिका छ ।

# पोर्चुगलमा नेपाली मेला

■ सौर्य समाचार

काठमाडौं । नेपाल भ्रमण वर्ष २०२० को अवसर पारेर पोर्चुगलमा नेपाली कला संस्कृति झल्किने मेलाको आयोजना हुने भएको छ । प्रवासमा रहेर पनि बाग्लुङ समाज पोर्चुगलले हरेक वर्ष विशेष मेलाको आयोजना गर्दै आइरहेको छ । यस वर्ष पनि चैतेदशैंको अवसर पारेर समाजले बागलुङको कला, संस्कृतिको प्रदर्शनका साथै भलिबल प्रतियोगिताको समेत आयोजना गरिनेको समाजका अध्यक्ष प्रेम खड्काले जानकारी दिए । उनले विदेशी र नेपाली समुदायलाई नेपाली लोकगीतमा छमछमी नचाइने बताउँदै भने, 'नेपाली कला, संस्कृति र परम्परालाई विदेशी भूमिमा उजागर गर्न लागेका छौं । यस्ता कार्यक्रमले नेपाल सरकारले आयोजना गरेको पर्यटन वर्षलाई समेत सघाउनेछ ।'

कार्यक्रमलाई सफल पार्न मूल व्यवस्थापन समितिसहित सात अन्य उपसमितिसमेत निर्माण गरिएको समाजका अध्यक्ष खड्काले बताए । उनका अनुसार कार्यक्रम भव्यतापूर्वक सम्पन्न गर्न आर्थिक व्यवस्थापनको संयोजकमा समाजका उपाध्यक्ष ओमबहादुर कार्की र सहसंयोजकमा महासचिव विक्रम गौतम रहेका छन् । यस्तै सांस्कृतिक कार्यक्रम व्यवस्थापन उपसमितिको संयोजकमा समाजका सचिव किरणदीप, खेल व्यवस्थापन उपसमितिको संयोजकमा उपाध्यक्ष हरि मगर, अतिथि सत्कार उपसमितिको संयोजकमा उपाध्यक्ष ज्ञानु गौतम, प्रचारप्रसार उपसमिति संयोजकमा फुर्वान रायमाझी, मञ्च व्यवस्थापन उपसमितिको संयोजकमा विमल गौतम र स्वयंसेवक परिचालन उपसमिति संयोजकमा सुमन अखेली रहेका छन् ।

मेलामा स्थानीय नेपाली कलाकारको पनि प्रस्तुति रहने मेलाका संयोजकसमेत रहेका खड्काको भनाइ छ । उनले भलिबल खेलमा प्रथम हुनेलाई एक हजार ६ सय युरो र द्वितीय हुनेलाई एक हजार ५० युरो पुरस्कार राशि राखिएको जानकारी दिए । यस्तै लोकगीत प्रतियोगितामा प्रथम हुने समूहलाई ५ सय युरो र द्वितीय हुने समूहलाई ३ सय युरो पुरस्कार प्रदान गर्ने समाजले घोषणा गरेको छ । मेला आगामी मार्च १५ तारिखमा आयोजना गरिने भएको छ ।

# रिभ्याम्पको 'मलाई बाल' सार्वजनिक

■ सौर्य समाचार

काठमाडौं । र्‍यापर रिभ्याम्पको आवाज रहेको गीत र्‍याप गीत 'मलाई बाल' को भिडियो सार्वजनिक भएको छ । र्‍यापर रिभ्याम्पको स्वर, विट र अभिनय रहेको उक्त गीत एमएम इन्टरटेनमेन्टमार्फत सार्वजनिक गरिएको हो ।

डकुमेन्ट्री बेस यो गीत रिभ्याम्पको सत्य घटनामा आधारित रहेको जनाइएको छ । गीतको भिडियोलाई समिर राईले छायांकन, सम्पादन र मिक्सिङ गरेका छन् । र्‍यापर



बलात्कार' 'ठूटे' हिन्दी नेपाली

दर्जनभन्दा बढी र्‍याप गीत


**PatanMunicipality**
**Municipal Executive Office**
Patan, Baitadi

**INVITATION FOR THE BIDS**

Office Code :801077402(7)
Date of publication: Feb12, 2020 (2076/10/29)
IFB No. : 03/PM/2076/077
04/PMO/2076/077

1. Patan Municipality Municipal Executive Office invites sealed bids for the DehimanduBasantpurPatan Road Construction Work Phase one from eligible bidders under National Competitive Bidding.

| S.N. | Invitation for Bid Number | Description of Work | Total Project Cost Excluding VAT (NRs) | Bid Security (NRs) | Bid Document Price (NRs) |
|---|---|---|---|---|---|
| 1 | 03/PMO/2076/077 | DehimanduBasantpur-PatanRoad Construction Work Phase one | 9999552.25 | 250000 | 3000 |
| 2 | 04/PMO/2076/077 | DehimanduBasantpur-PatanRoad Construction Work Phase Two | 9996269.00 | 250000 | 3000 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Patan Municipality Municipal Executive Office, Patan, Baitadi, Email: ptnmun@gmail.com, Phone no. +977-095400057
3. A complete set of Bidding Documents may be purchased from Patan Municipality Municipal Executive Office, Patan, Baitadiby eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 3000/-at Agicultural Development bank PatanBaitadi A/C no 0823901502454011till 2076/11/29during office hours.
4. Sealed bids must be submitted to Patan Municipality Municipal Executive Office, Patan, Baitadiby hand/courier on or before 12:00 Noon on 2076/11/29.Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 pm on 2076/11/29at the office of Patan Municipality Municipal Executive Office, Patan, Baitadi. Bids must be valid for a period of 90 (Ninety) after bid opening and must be accompanied by a bid security which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing, submission and opening falls on a government holiday, then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
7. In case of discrepancy or error in Tender notice, bid document and other document of Construction of Various Road Section mentioned abovereserves right to amend, correct at any time. Such amendment and correction shall be published in the national daily newspaper, notice board of the Patan Municipality Municipal Executive Office, Patan, Baitadi.
8. Patan Municipality Municipal Executive Office, Patan, Baitadi, reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Sub Engineer** **Chief AdministrativeOfficer**



**Government of Nepal**
**Ministry of Urban Development**
**Department of Urban Development and Building Construction**
**Federal Project Implementation Unit**
**MORANG**

**INVITATION FOR E-BIDS**

**IFB No: -NCB/09/2076-77 First Date of Publication :2076/10/29 (12 FEB 2020)**

Federal Project Implementation Unit, Morang , invites E-bids for the construction of following works under National Competitive Bidding. All other information and Bid documents can be downloaded from the PPMO'S website **www.bolpatra.gov.np/egp**. Eligible bidders are requested to submit **E-Bid** with the required documents within the period mentioned in E-bid document.

| Contract No. | Descriptions of Works | Minimum Bid security NRs. | Price of Bid Document-NRS | Remarks |
|---|---|---|---|---|
| FPIU/Morang/ Works/ NCB/16-2076-77 | Construction Of Roads and Drains at DiktelBazzar,Diktel, Khotang | 12,00,000.00 | 5000.00 | Bid Submission Deadline :2076-11-30 (2020 MARCH 13) |

सौर्य दैनिक आर्थिक



बनेपा नगरपालिका-५ स्थित फित्तेडाँडामा व्यवसायी सुरेन्द्र थापाले सञ्चालन गरेको सु-कृष्ण कृषि एग्रो फार्ममा पालेका गाई भैँसी । उनले दूध बेचेर दैनिक १२ देखि १५ हजारसम्म आम्दानी गर्दै आएका छन्

बर्तामोड-१० का राजेन्द्र कडरियाले जिल्लामै पहिलो पटक टर्कीबाट बिउ ल्याएर लगाएको 'पार्थिनोकार्पी' जातको काँक्रा



# २५ व्यवसायीलाई सिआइपी सम्मान

■ सौर्य समाचार

काठमाडौं । मुलुकको अर्थतन्त्रमा वाणिज्य क्षेत्रको योगदान बढाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएका विभिन्न १३ विधाका २५ व्यवसायी ' महत्वपूर्ण व्यावसायिक व्यक्ति' (सिआइपी) बाट सम्मानित भएका छन् ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा आयोजित 'व्यावसायिक व्यक्ति सम्मान तथा सुशोभन कार्यक्रम'मा प्रधानमन्त्री केपी शर्मा ओलीले ती व्यवसायीलाई सिआइपी सम्मान प्रदान गरेका हुन् । गत कात्तिक २९ गतेको मन्त्रिपरिषद् बैठकले मुलुकको निर्यात क्षेत्रमा उल्लेखनीय योगदान गरेका निर्यातकर्ता, लगानीकर्ता र रोजगारदातालाई सो सम्मान प्रदान गर्ने निर्णय गरेको थियो ।

तेस्रो मुलुकतर्फ निकासी रकमका आधारमा सबैभन्दा बढी वस्तु निकासी गर्ने रामचन्द्र संघाइ (धागो), दोर्जे ग्याल्जेन लामा (ऊनी गलैंचा), राहुलमान शाक्य (तयारी पोशाक), सूर्यकुमार गुरुङ (पश्मिना सल) र रविन श्रेष्ठ (ऊनी फेल्ट) लाई सो सम्मान प्रदान गरियो । यस्तै भारततर्फ रकमका आधारमा प्रथम, दोस्रो र तेस्रो स्थान हासिल गर्ने नेपाली निर्यातकर्ता/उद्योगीतर्फ हरकिरत सिंह वेदी, दिव्यराज सापकोटा र युक्ति गोल्छा र चीनतर्फको पेम्बा दोर्जे शेर्पा, विश्वराज बस्नेत र मछिन्द्र पाण्डे छन् ।




नेपालको मौलिक सीप, कला र संस्कृति झल्किने हस्तकलाका वस्तुको निर्यातबाट सबैभन्दा धेरै रकम भित्र्याउने निकासीकर्तातर्फ गोपीप्रसाद कँडेल र वाणिज्य नीति, २०७२ र नेपाल व्यापार एकीकृत रणनीति, २०७३ ले प्राथमिकतामा राखेका निर्यात सम्भावनायुक्त वस्तुमध्ये कृषिजन्य वस्तु र जडीबुटीजन्य वस्तुको सबैभन्दा बढी निर्यात गर्ने सुजनकुमार श्रेष्ठ तथा निर्वाणकुमार चौधरीले सो सम्मान प्राप्त गरे ।

सम्मान प्राप्त गर्नेमा निर्यात व्यापारमा कुल रकमको आधारमा सबैभन्दा निर्यात गर्ने महिला निर्यातकर्ता राजलक्ष्मी गोल्छा, सफ्टवेर निर्यातमा प्रथम स्थान हासिल गर्ने दिपेश प्रधान र सबैभन्दा बढी लगानी गर्ने उत्पादनमूलक उद्योग होङ्सी शिवम् सिमेन्टका लीऊ सु कुवाङ, सबैभन्दा बढी रोजगारी सिर्जना गर्ने पवनकुमार गोल्यान र बैंकिङ प्रणालीमार्फत सबैभन्दा बढी विप्रेषण भित्र्याउने आइएमई लिमिटेडका अध्यक्ष चन्द्रप्रसाद ढकाल छन् ।

पर्यटन क्षेत्रमा सबैभन्दा बढी विदेशी मुद्रा आर्जन गर्ने होटल व्यवसायी सुरेशलाल श्रेष्ठ (तारागाउँ रिजेन्सी होटल), सबैभन्दा बढी निकासी गर्ने युवा उद्यमीतर्फ सुनिता शेर्पा र अक्षय गोल्याणले पनि सो सम्मान प्राप्त गरे । यस्तै निर्यात व्यापारका साथै वाणिज्य क्षेत्रमा प्रवर्द्धनात्मक कार्य गरी मुलुकको आर्थिक विकासमा उल्लेख्य योगदान पुर्‍याउने निजी क्षेत्रका अध्यक्षलाई पनि मानार्थ सम्मान प्रदान गरिएको थियो । मानार्थ सम्मान पाउनेमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष भवानी राणा, नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष राजेशकाजी श्रेष्ठ र नेपाल उद्योग परिसंघका अध्यक्ष सतिशकुमार मोर छन् । सिआइपी सम्मानबाट सम्मानति हुनेले विभिन्न छ प्रकारका सुविधा प्राप्त गर्नेछन् । सो सम्मानबाट विभूषित हुनेले महत्वपूर्ण व्यवसायिक व्यक्तिको परिचयपत्र, सिआइपी लोगो तथा प्रमाणपत्र पाउनेछन् । सम्मान प्राप्त गर्ने व्यक्तिले प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री तथा वरिष्ठ सरकारी पदाधिकारीसँग औपचारिक भेटघाट गर्ने अग्राधिकार प्राप्त गर्ने उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव डा. बैकुण्ठ अर्यालले जानकारी दिए ।

यस्तै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आगमन तथा प्रस्थान कक्षमा रहेको 'सिआइपी लाउन्ज' र नेपालको अन्य विमानस्थलमा रहेको विशिष्ट व्यक्तिको लागि राखिएको 'भिआइपी' कक्षको सुविधा प्राप्त गर्नेछन् । सरकारी तथा निजी क्षेत्रले आयोजना गर्ने उद्योग, वाणिज्य क्षेत्रका सबै समारोहमा प्राथमिकतका साथ आमन्त्रण र आसनको व्यवस्था हुनेछ ।

विदेशमा आयोजना हुने व्यापारिक तथा औद्योगिक मेला एवं प्रदर्शनीमा प्रतिनिधित्व गर्न प्राथमिकता पाउनेछन् । यस्तै सार्क क्षेत्रका मुलुकको भ्रमणका लागि 'सार्क भिसा' उपलब्ध गराउन सिफारिश प्राप्त गर्नेछन् । सिआइपी सम्मानद्वारा विभूसित हुनेले अन्य सरकारी निकायसँगको समन्वयमा थुप्रै सुविधा प्राप्त गर्ने उनले जानकारी दिए ।

## सूर्यविनायकको अर्धवार्षिक आम्दानी ८३ करोड

■ सौर्य समाचार

भक्तपुर । सूर्यविनायक नगरपालिकाले आर्थिक वर्ष ०७६/०७७ को पुस मसान्तसम्म ८२ करोड ९५ लाख ५८ हजार ९ सय ९४रुपैयाँ आम्दानी गरेको छ । कुल १ अर्ब ३० करोड रुपैयाँको बजेट स्वीकृत गरेको नगरपालिकाले स्वीकृत वार्षिक बजेटको ६३ दशमलव ८१ प्रतिशत लक्ष्य हासिल गरेको नगरपालिका प्रमुख वासुदेव थापाले जानकारी दिए । नगरपालिकाद्वारा सोमबार यहाँ आयोजित पत्रकार सम्मेलनमा उनले ४७ करोड ४ लाख १० हजार ५८ रुपैयाँ आय प्राप्त गर्ने लक्ष्य पूरा गर्ने जानकारी दिए । नगरपालिकाले पुस मसान्तसम्म रु ४९ करोड ३८ लाख ३७ हजार ९ सय ४१ र पैसा ६० सञ्चित गरेको जनाएको छ । त्यस्तै पूँजीगत खर्च १२ करोड ८५ लाख ९४ हजार ५ सय ७८ र शिक्षकको तलवभत्ता, स्वास्थ्य तर्फ कर्मचारीहरूको तलव भत्ता, संघीय सरकार र प्रदेश सरकारको अनुदानको चालु खर्च रु १६ करोड ०६ लाख ११ हजार २ सय ४६ र सामाजिक सुरक्षा वापत ३ करोड ७१ लाख रुपैयाँ खर्च भएको सो अवसरमा जानकारी दिइयो । स्वीकृत कूल पूँजीगत बजेट रु ६९ करोड २० लाख रुपैयाँका सबै योजनाहरू उपभोक्ता समिति तथा ठेक्का प्रक्रियामा कार्य भई रहेको नगरपालिका प्रमुख थापाले जानकारी दिए । कार्यक्रममा नगरपालिकाका उपप्रमुख जुना बस्नेतले समृद्ध नगरपालिका बनाउन जनप्रतिनिधि र कर्मचारी सक्रिय रहेको बताइन् । नेकपाका जिल्ला अध्यक्ष बचन देउजा, नेपाली काँग्रेसका जिल्ला सचिव निशान ढुंगेल, गैरसरकारी संस्था महासंघ भक्तपुरका अध्यक्ष सोम शर्मा बजगाईं, क्रियाशील पत्रकार मञ्चका अध्यक्ष रमेश गिरी लगायतले नगरपालिकाले गरेको भौतिक पूर्वाधार विकासको चर्चा गर्दै समय मै काम सक्नु पर्नेमा सुझाव दिए ।

# कालो धन रोक्न नयाँ व्यवस्था

■ सौर्य समाचार

काठमाडौं । सेयर बजारमा अवैध लगानी नभित्रियोस् भन्ने लक्ष्यका साथ नेपाल धितोपत्र बोर्डले सम्पत्ति शुद्धीकरणसम्बन्धी व्यवस्थालाई पूर्णरूपमा लागू गर्ने भएको छ । बोर्डले ' धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली २०६४' लाई संशोधन गर्दै सम्पत्ति शुद्धीकरणसम्बन्धी प्रचलित कानुनबमोजिम लगानीको स्रोतसम्बन्धी विवरण खुलाउनुपर्ने व्यवस्था गरेको छ । बजारमा हुने लगानीका लागि अवैध पैसाको प्रयोग नहोस् भनेर त्यस्तो व्यवस्था गरिएको बोर्डले जनाएको छ ।

बोर्डका सहायक प्रवक्ता रूपेश केसीका अनुसार बजारलाई थप व्यवस्थित बनाउने लक्ष्यका साथ सम्पत्ति शुद्धीकरणसम्बन्धी व्यवस्थामा कडाइ गरिएको हो । यस्तै बोर्डले मर्चेन्ट बैंकरको सञ्चालक तथा कार्यकारी प्रमुख धितोपत्र दलाल वा केन्द्रीय निक्षेप सेवा वा अन्य मर्चेन्ट बैंकर वा क्रेडिट रेटिङ संस्थामा लाभको पदमा रहँदा स्वार्थ बाझिन सक्ने भएकाले त्यस्ता संस्थामा रहन नपाउने व्यवस्था गरेको छ ।

त्यस्तै मर्चेन्ट बैंकरले संस्थागत जोखिम व्यवस्थापन गर्न तथा संस्थाको वित्तीय सबलताका लागि जगेडा कोष राख्नुपर्ने व्यवस्था नयाँ नियमावलीमा गरिएको छ । मर्चेन्ट बैंकरको सेयर बिक्री वा हस्तान्तरण हुँदा वा अन्य कुनै प्रकारले नयाँ सेयरधनी थप गर्नुपूर्व बोर्डमा अभिलेख उपलब्ध गराउँदा अंकित मूल्यको सट्टामा बिक्री मूल्यमा गराउनुपर्ने व्यवस्था थप गरिएको छ । सो व्यवस्थाले बजारलाई थप पारदर्शी बनाउने लक्ष्य राखिएको छ ।

सार्वजनिक निष्कासन गर्ने संस्थाका सञ्चालक तथा सेयरधनी कालोसूचीमा नरहेको हुनुपर्ने व्यवस्था गरिएको छ । साधारण सेयर निष्कासनलाई थप व्यवस्थित बनाउन कालोसूचीको व्यवस्था गरिएको हो । कालोसूचीमा रहेका व्यक्तिले नागरिकको लगानीलाई फरक उद्देश्यका साथ परिचालन गर्न सक्ने भएकाले कडा प्रावधान राखिएको हो ।

यस्तै धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्कासनमा 'बुक बिल्डिङ' विधिसमेत प्रयोगमा ल्याउने व्यवस्था ल्याइएको छ । सो व्यवस्थाले साधारण सेयर निष्कासन गर्ने कम्पनीको सेयर अधिकतम मूल्यमा समेत बिक्री गर्न पाइनेछ । सार्वजनिक निष्कासनमा प्रविधिको प्रयोग भएसँगै धितोपत्र निष्कासन खुला रहने अधिकतम अवधि ३० दिनबाट घटाई १५ दिन कायम गरिएको छ । सूचीकृत संगठित संस्थाका सेयरधनीले आफ्नो स्वामित्वमा रहेको सेयर दश प्रतिशतभन्दा कम नहुने गरी बिक्री प्रस्तावमार्फत बिक्री गर्न सक्ने व्यवस्था गरिएको छ । त्यस्तै संगठित संस्थाले विदेशी मुलुकको पूँजीबजारमा ऋणपत्र वा अन्य धितोपत्र विदेशी मुद्रामा जारी गर्न सकिने व्यवस्था गरिएको छ ।

धितोपत्रसम्बन्धी कानुनलाई समसामयिक बनाउँदै लैजाने क्रममा साविकको धितोपत्र व्यवसायी नियमावली, सामूहिक कोष नियमावली, धितोपत्र दर्ता तथा निष्कासन नियमावलीलाई अर्थ मन्त्रालयको स्वीकृतिमा संशोधन गरिएको हो । संशोधित नियमावली आगामी फागुन १ गतेदेखि लागू हुने सहप्रवक्ता केसीले जानकारी दिए ।

## देखिनेगरी कृषिमा काम हुन्छ : कृषिमन्त्री भूषाल

■ सौर्य समाचार

लुम्बिनी । कृषि तथा पशुपन्छी विकासमन्त्री घनश्याम भूषालले निर्वाहमुखी कृषिलाई नाफामुखी बनाउन जोड दिएका छन् । लुम्बिनी प्रेस क्लबको भवनको भैरहवामा शिलान्यास गर्दै उनले कृषि श्रमलाई उद्योगसँग जोडिनुपर्ने बताए ।

मन्त्री भूषालले विकासको क्षेत्रमा पार्टीकरण नगरी सबैको अपनत्व हुनेगरी वर्तमान सरकारले काम अगाडि बढाइरहेको र केही दिनमै मन्त्रालयको योजनासहित सार्वजनिक हुने बताए । उनले भने, 'मैले अध्ययन गरिरहेको छु । म मन्त्री भएपछि सुरुमा आत्तिएँ । अब करिब ६० वर्षको कृषिले नगरेको काम के हो भनी मैले बुझेँ । केही दिनमा देखिनेगरी कामको सुरुआत हुन्छ ।'

सो अवसरमा प्रदेश सांसद सन्तोष पाण्डे, फकरुद्दीन खान, संविधानसभाका पूर्वसदस्य इस्तियाक अहमद खान, उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य कृष्णप्रसाद शर्मा, प्रजिअ महादेव पन्त, उद्योग व्यापार संगठन रूपन्देहीका अध्यक्ष नारायण भण्डारी लगायतले लुम्बिनी प्रेस क्लबको गतिविधिले लुम्बिनी क्षेत्रको विकासमा टेवा दिएको बताए । क्लबले १२ धुर जग्गामा चारतलाको अपांगमैत्री भवन बनाउने क्लबका अध्यक्ष दीपेश

## सुन्तलाबाट वार्षिक ३० करोड आम्दानी

■ सौर्य समाचार

भोजपुर । यस वर्ष सुन्तला बिक्रीबाट ३० करोड बढी रकम भोजपुरमा भित्रिएको छ । उत्पादित चार हजार ७ सय ६ मेट्रिक टन सुन्तला बिक्रीबाट सो बराबरको आम्दानी भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । गत वर्षको तुलनामा यस वर्ष १० प्रतिशतले सुन्तला उत्पादनमा वृद्धि भएको बताइएको छ । जिल्लामा उत्पादन भएको सुन्तला धनकुटा, सुनसरी, झापा, मोरङ, धरान, इटहरी, विराटनगर, काठमाडौंलगायतका शहरमा जाने गरेको छ । करिब दुई करोड मूल्य बराबर आन्तरिकरूपमा खपत हुने र बाँकी अन्य जिल्लामा जाने गरेको केन्द्रका निमित्त कार्यालय प्रमुख योगन्द्रप्रसाद यादवले जानकारी दिए । कार्यालयको तथ्यांकअनुसार गत वर्ष २८ करोड २९ लाख ४४ हजार रुपैयाँ बराबरको सुन्तला बिक्री भएको थियो । जिल्लामा ७ सय ८८ हेक्टर क्षेत्रफलमा सुन्तला उत्पादनका लागि योग्य जमिन भए पनि हाल ५ सय ८७ हेक्टर क्षेत्रफलमा सुन्तला खेती भइरहेको छ । टेम्केमैयुङ गाउँपालिका-२ छिनामुखुका सुन्तला कृषक सुमन प्रधानले भने, 'पहिला धरान, इटहरी ढाकार डोकोमा बोकेर सुन्तला बेच्नुपर्ने अवस्था थियो, अहिले बगानमै ठेकेदारको लर्को लाग्छ, थोरै मेहनतमा आम्दानी पनि राम्रो छ ।' जिल्लाको टेम्केमैयुङ गाउँपालिकाको अन्नपूर्ण, छिनामखु, खावा, कोट, गोगने, तिम्मा, भोजपुर नगरपालिकाको देउराली, हेलौछा, आम्तेक, बोखिम, पालुवा, दावा, हतुवागढी गाउँपालिकाको रानीवास, अरुण गाउँपालिकाको साङपाङ, प्याउली षडानन्द नगरपालिकाको मुलपानीलगायत ठाउँमा सुन्तला उत्पादन हुने गर्दछ । सुन्तला उत्पादन हुने क्षेत्रमा प्रदेश तथा केन्द्र सरकारले सुन्तलाको पकेट तथा ब्लग स्थापना गरी कृषकलाई अनुदानको व्यवस्था गरेसँगै यसतर्फ झनै कृषक

**लक्ष्मी बैंक लिमिटेडका तपसिलमा उल्लेखित ऋणी, धितो तथा व्यक्तिगत जमानतकर्ता समेतलाई ऋण कर्जा चुक्ता गर्ने तथा धितो लिलाम बिक्रीका लागि गोप्य सिलबन्दी बोलपत्र आव्हान गरेको १५ दिने सार्वजनिक सूचना ॥**

यस बैंकबाट तपसिलमा उल्लेखित तपाईं ऋणीहरुले उपभोग गर्नु भएको ऋण कर्जाको शर्त-सम्झौता बमोजिम समय-समयमा तिर्नु बुझाउनु पर्ने रकम (साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि) चुक्ता भुक्तानी गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले मिति २०७६/०९/१८ गते शुक्रबारको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा ऋण कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेकोले यो ऋण कर्जा चुक्ता गर्ने तथा धितो लिलाम बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान गरेको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अत: यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त कर्जाको सम्पूर्ण साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फर्छ्यौट गरी लेखिदिएको धितो फुकुवा गरी लैजानु हुनका लागि सम्बन्धित ऋणी, धितो तथा व्यक्तिगत जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम ऋणी तथा जमानतकर्ता लगायत सम्बद्ध सबैलाई बिना अन्य सूचना कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गराउने व्यहोरा जानकारी गराइन्छ। साथै तपसिलमा उल्लेखित धितो सम्पत्ति जे-जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त धितो सम्पत्ति के-कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय सुर्खेतमा दाखिला गर्नु हुन इच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र)औं दिन अर्थात् मिति २०७६/११/१५ गते (सो दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै-बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय सुर्खेतमा दिनको ठीक ३.०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम एक प्रतिको रु. १०००/- (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने गरी यस बैंकको केन्द्रिय कार्यालय हात्तिसार, काठमाण्डौमा तथा शाखा कार्यालय सुर्खेतमा उपलब्ध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

| ऋणी, व्यक्तिगत तथा धितो जमानतकर्ताको विवरण | फोटो | धितो सुरक्षणको विवरण |
|---|---|---|
| **ऋणीको नाम :** नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय, सुर्खेतमा प्रा.फ.र.नं. ७५३३/०७४/०७५ (स्थानिय व्यापार) मिति २०७५/०१/११ मा दर्ता भई सुर्खेत जिल्ला, विरेन्द्रनगर नगरपालिका वडा नं. ०६ मा रजिष्टर्ड ठेगाना रही आन्तरिक राजश्व कार्यालय, सुर्खेतमा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०७८४६९७१ मिति २०७५/०२/०७ मा दर्ता भएको **न्यू आभाष कोल्ड स्टोर।**<br>**प्रोप्राईटर : श्री रमेश खत्री** (ना.प्र.नं. ६३३०२८/१४ जिल्ला प्रशासन कार्यालय, दैलेख, जारी मिति २०७०/०२/१६)<br>**बाबु :** खडक बहादुर खत्री **बाजे :** सहवीर खत्री<br>**ठेगाना :** दैलेख जिल्ला बडाखोला न.पा./गा.पा. वडा नं. ०९ को हाल सुर्खेत जिल्ला विरेन्द्रनगर नगरपालिका वडा नं. १२।<br>**धितो तथा व्यक्तिगत जमानतकर्ता : श्रीमती विना कुमारी खत्री** (ना.प्र.नं. ९५४५८/१८२ जिल्ला प्रशासन कार्यालय दैलेख, जारी मिति २०५६/०५/११ )<br>**बाबु :** ऐन बहादुर बिष्ट **ससुरा :** सहविर खत्री **पति :** खडक बहादुर खत्री<br>**ठेगाना :** दैलेख जिल्ला बडाखोला न.पा./गा.पा. वडा नं. ०९ को हाल सुर्खेत जिल्ला विरेन्द्रनगर नगरपालिका वडा नं. १२।<br>**व्यक्तिगत जमानतकर्ता : श्री खडक बहादुर खत्री** (ना.प्र.नं. ८२६७२/४२६ जिल्ला प्रशासन कार्यालय हुम्ला जारी मिति २०५०/०४/२७)<br>**बाबु :** सहविर खत्री **बाजे :** कर्ण बहादुर खत्री<br>**ठेगाना :** दैलेख जिल्ला बडाखोला न.पा./गा.पा. वडा नं. ०९ को हाल सुर्खेत जिल्ला विरेन्द्रनगर नगरपालिका वडा नं. १२। | <br>**रमेश खत्री** | १. धितो तथा व्यक्तिगत जमानतकर्ता **श्रीमती विना कुमारी खत्री**को नाममा मालपोत कार्यालय सुर्खेतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला जर्बुटा गा.वि.स वडा नं. ४/क स्थित कित्ता नं. १२५६ को क्षेत्रफल ०-०-१०-० जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।<br>२. ऋणीले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको हाइपोथिकेशन। |

**पुनश्च :** अन्य जानकारीको लागि यस बैंकको केन्द्रीय कार्यालय हात्तिसार स्थित कर्जा असूली विभागमा तथा शाखा कार्यालय सुर्खेतमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

लक्ष्मी बैंक लिमिटेड
Laxmi Bank Limited

लक्ष्मी कम्प्लेक्स, हात्तिसार, काठमाडौं
फोन: ४४४४६८४/८५, पो.ब.नं.: १९५९३
Email: info@laxmibank.com, URL: www.laxmibank.com

www.souryadaily.com
का.जि.प्र.का.द.नं. ०११/०५३/०५४ म.क्षे.हु.नि.द.नं. १६/०७३/७४




# सौर्य खेलकुद




## ओमानको शतप्रतिशत जित



■ सौर्य समाचार

काठमाडौं । ओमानले आईसिसी विश्वकप लिग २ अन्तर्गत नेपाल र अमेरिकासँगको त्रिकोणात्मक सिरिजमा शतप्रतिशत जित हात पारेको छ । मंगलबार अमेरिकालाई ९२ रनको फराकिलो अन्तरले पराजित गर्दै सिरिजमा शतप्रतिशत जित निकालेको हो ।

ओमानले प्रस्तुत गरेको २ सय ७७ रनको विजयी लक्ष्य पक्ष्याएको अमेरिका ३९.१ ओभरमा अल आउट हुँदै १ सय ८४ रनमा समेटियो । पहिलो ओभरको अन्तिम बलमा बिलाल खानले मोनक पटेललाई विकेटकिपर सुरज कुमारबाट शून्यमा क्याच आउट गराए । बिलालले नै तेस्रो ओभरको दोस्रो बलमा स्टिभ टेलरलाई शून्यमा बादल सिंहबाट क्याच आउट गराए । ११ औं ओभरको अन्तिम बलमा मोहम्मद नदीमले ओपनर जेभियर मार्शललाई २३ रनमा एलबिडब्लू आउट गरेपछि अमेरिका सुरुआती समयमै दबाबमा परेको थियो ।

मार्शलले ३९ बलमा २ चौका र १ छक्का प्रहार गरे । कप्तान जिशान मकसुदले १६ औं ओभरको पहिलो बलमा इयान होल्यान्डलाई २८ रनमा बोल्ड आउट गरे । जिशानले नै विकेटकिपर अक्षय होमराजलाई ७ रनमा बोल्ड आउट गरेपछि अमेरिका १९.३ ओभरमा ७९-५ को कमजोर अवस्थामा पुगेको थियो ।

छैटौं विकेटका लागि निसरग पटेल र आरोन जोन्सले ७० रनको साझेदारी गर्दै इनिङ उकासेका थिए । अकीब इलियासको ३१ औं ओभरको पहिलो बलमा पटेल ठूलो सट खेल्नेक्रममा लङअनमा ५२ रनमा बादलबाट क्याच हुन पुगे । पटेलले ३६ बलमा ४ चौका र ४ छक्का प्रहार गरे ।

जोन्स ७९ बलमा ३ चौका सहित ४७ रनमा अविजित रहे । बिलाल खानले ६.१ ओभरमा २४ रन खर्चेर ३ विकेट लिए । अकीब इलियासले ५ ओभरमा १ मेडन राख्दै १४ रन खर्चेर ३ विकेट लिए । जिशान मकसुद २ र मोहम्मद नदीमको नाममा १ विकेट रह्यो । त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको ओमानले निर्धारित ५० ओभरमा ६ विकेट गुमाउँदै २ सय ७६ रन बनाएको थियो । ओमानले ओडीआईमा बनाएको यो हालसम्मकै उच्च योगफल हो । कप्तान जिशान मकसुद १ सय ९ बलमा १० चौका र ४ छक्का सहित १ सय ९ रनमा क्याच आउट भए । जिशान सौरभ नेत्रवालकरको ४७ औं ओभरको चौथो बलमा लङअलनमा ठूलो सट खेल्नेक्रममा स्टिभ टेलरबाट क्याच आउट हुन पुगेका थिए । जिशानले १ सय ३ बलमा आफ्नो ओडीआई करिअरको पहिलो शतक पूरा गरेका थिए ।

उपकप्तान अकीब इलियासले आफ्नो ओडीआई करिअरको लगातार दोस्रो शतक प्रहार गरे । अकीब १ सय २३ बलम ११ चौका र १ छक्का सहित १ सय ५ रनमा क्याच आउट भए । अकीब सौरभको ४९ औं ओभरको पहिलो बलमा करिमा गोरबाट क्याच आउट भएका थिए । अकीबले आफ्नो ओडीआई दोस्रो शतक १ सय १८ बलमा पूरा गरेका थिए । अकीबले नेपालविरुद्ध १ सय ९ रनको अविजित इनिङ खेलेका थिए । तेस्रो विकेटका लागि जिशान र अकीबले २ सय १६ रनको दोहोरो शतकीय साझेदारी गरेपछि ओमान विशाल योगफलमा पुगेको हो । ओमानबाट पहिलो पटक ओडीआईमा दोहोरो शतकीय साझेदारी भएको हो । यस अघि आइतबार नेपालसँग तेस्रो विकेटका लागि जिशान र अकीबलेनै १ सय ६७ रनको अविजित साझेदारी गरेका थिए । एकै इनिङमा ओमानबाट ओडीआईमा पहिलो पटक दोहोरो शतक बनेको हो ।

तीव्र गतिका बलर रस्टी थेरनको आठौं ओभरको तेस्रो बलमा ओपनर खावर अली एज लाग्दै विकेटकिपर अक्षय होमराजबाट १० रनमा क्याच आउट भए । अर्का ओपनर जतिन्दर सिंहलाई कप्तान सौरभ नेत्रवालकरले ९ रनमा आरोन जोन्सबाट क्याच गराए । मोहम्मद नदीम ५ र सन्दीप गौड १३ रन बनाए । अमेरिका कप्तान सौरभ नेत्रवालकरले १० ओभरमा ३ मेडन राख्दै ३७ रन खर्चेर ३ विकेट लिए । रस्टी थेरनले १० ओभरमा ६० रन खर्चेर ३ विकेट लिए ।ओमानले नेपाललाई १८ रन र ८ विकेटले हराएको थियो । पहिलो खेलमा अमेरिकालाई ओमानले ६ विकेटले हराएको थियो । जारी सिरिजको अन्तिम खेलमा नेपाल र अमेरिकाबीच बुधबार खेल हुने छ ।

### ‘ए’ डिभिजन लिग

## पुलिसलाई मनाङले हरायो



■ सौर्य समाचार

काठमाडौं । कतार एयरवेज सहिद स्मारक ए डिभिजन लिगमा मंगलबार नेपाल आयल निगम मनाङ मर्स्याङ्दी क्लबले नेपाल पुलिस क्लबलाई २-० ले पराजित गरेको छ ।

विमल राना र अन्जन विष्टले गोल गर्दै मनाङलाई अग्रता दिलाएका हुन् । सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा भएको खेलमा विमलको गोलबाट मनाङले अग्रता लिएको थियो । ३२ औं मिनेटमा आदित्य चौधरीले लामो पासमा अन्जन राईले क्लियर गर्न नसकेको बलमा विमलले गोल गरे । ४३ औं मिनेटमा अन्जनले गोल गर्दै अन्तरलाई बढाए । निशान लिम्बुको पासमा अन्जनले हेडमार्फत गोल गरेका थिए ।

दोस्रो हाफमा दुवै टोलीले गोलको प्रयास गरेपनि गोल निस्कन सकेन । ८९ औं मिनेटमा पुलिस १० खेलाडीमा समेटियो । काउन्टर एट्याकमा बल अघि बढाइरहेको अवस्थामा विमल रानालाई विशाल बस्नेतले लडाएपछि रेफ्री सुदिश पाण्डेले सिधै रातो कार्ड देखाएका थिए । इन्ज्युरी समयको थप गरिएको तेस्रो मिनेटमा मनाङका दयानन्द सिंहको हेडरलाई गोलरक्षक रोशन खड्काले बचाए ।

यस जितसँगै मनाङको १२ खेलमा २५ अंक भएको छ । मनाङ अंक तालिकाको तेस्रो स्थानमा रहेको छ । पुलिस १२ खेलमा १७ अंकसहित छैटौं स्थानमा छ ।

**थ्रीस्टारसँग एनआरट स्तब्ध**

एन्फा कम्प्लेक्स मैदानमा मंगलबार भएको खेलमा थ्रीस्टारले एनआरटी क्लबलाई १-० गोलले हरायो । प्रतिस्पर्धात्मक खेलमा थ्रीस्टारका लागि दिपेश घलेले निर्णायक गोल गरे । दिपेशलले ७७ औं मिनेटमा गरेको गोल नैं थ्रीस्टारको जितमा प्रयाप्त बन्यो । एनआरटीले गोल गर्ने अवसर बनाए पनि सुदुपयोग गर्न सकेन । थ्रीस्टारका ग्वीलामे प्रिसो म्यान अफ दी म्याच भए ।

उनले १० हजार रुपैयाँ पुरस्कार पाए । जितसँगै थ्रीस्टारले १२ खेलबाट २३ अंक बनाएको छ । थ्रीस्टार उपाधि होडबाट बाहिरि सकेको छ । १५ अंक बनाएको एनआरटी आठौं स्थानमा छ । थ्रीस्टारसँगको हारले शीर्ष ६ मा रहने एनआरटीको लक्ष्यमा धक्का लागेको छ । शीर्ष स्थानमा रहेको आर्मीको २९ अंक छ । मच्छिन्द्र २८ अंक सहित दोस्रो स्थानमा छ । चौथो स्थानमा रहेको मनाङ मर्स्याङ्दीको २२ अंक छ ।

**उपाधि नजिक आर्मी**

कप्तान भरत खवासले लिगमा करियरको ५० औं गोल पूरा गरेसँगै त्रिभुवन आर्मी क्लब सहिद स्मारक ‘ए’ डिभिजन लिग फुटबलको उपाधि नजिक पुगेको छ । एन्फा मैदानमा मंगलबार भएको खेलमा आर्मीले ब्रिगेड ब्वाईज क्लबलाई ३-० गोलले हरायो । आर्मीको जीतमा कप्तान भरत खवास, विकास तामाङ र टेकबहादुर बुढाथोकीले गोल गरे । भरतले पाँचौं मिनेटमा जर्ज प्रिन्स कार्कीको पासमा हेडमार्फत सुरुआती गोल गरेका थिए । भरतको यो लिग करियरको ५० औं गोल हो ।

गोलमा अर्धशतक पूरा गरेका भरतले १० वर्षअघि नेपाल पुलिस क्लबबाट लिग फुटबल खेल्न सुरु गरेका थिए । उनी अखिल नेपाल फुटबल संघ (एन्फा) एकेडेमीका तेस्रो ब्याजका खेलाडी हुन् । भरत पुलिस हुँदै आर्मी गएका थिए ।

दोस्रो गोल विकास तामाङले ५४औं मिनेटमा गरे । विकासले सन्तोष तामाङको पासमा डेड गोल गरेका थिए । ७०औं मिनेटमा टेकबहादुर बुढाथोकीले गोल गर्दै आर्मीलाई सजिलै जिताए । टेकबहादुर म्यान अफ दी म्याच भए । उनले १० हजार रुपैयाँ पुरस्कार पाए ।

ब्रिगेडसँगको जितसँगै आर्मी उपाधिको संघारमा उभिएको छ । शीर्ष स्थानमा रहेको आर्मीले १२ खेलबाट २९ अंक बनाएको छ । आर्मी दोस्रो स्थानमा रहेको मच्छिन्द्र भन्दा एक अंकले अगाडी छ । मच्छिन्द्रको २८ अंक छ । आर्मीसँग पराजित ब्रिगेड आठ अंक सहित १२ औं स्थानमा छ ।

आर्मी र मच्छिन्द्रबीचको अन्तिम खेलले नै उपाधिको छिनोफानो हुनेछ । नेपाली फुटबलमा प्रयाप्त भौतिक संरचना र सुविधा भएर पनि आर्मीले अहिलेसम्म लिगको उपाधि जित्न सकेको छैन । त्यसैले अन्तिम खेलमा मच्छिन्द्रलाई हराउन सके आर्मीले नयाँ इतिहास रच्नेछ ।

## ‘पेले घरबाट निस्कन सक्दैनन्’



■ एजेन्सी

ब्राजिल । यहाँका महान् फुटबलर पेले लाजका कारण आफ्नो घरबाट निस्कन नसक्ने उनको छोराले जानकारी दिएका छन् । उनी कसैको सहाराबिना हिँड्न सक्दैनन् त्यसकारण उनलाई घरबाट बाहिर निस्कन लाज लाग्ने छोराले बताएका छन् । तीन पटक विश्व कप विजेता उनलाई सर्वोत्कृष्ट खेलाडीको रूपमा लिइन्छ । पिसाब संक्रमणका कारण उनलाई गत वर्ष अस्पताल पुऱ्याइएको थियो ।

७९ वर्षका पेललाई केही समयका लागि कम्मरमा समस्या देखिएको थियो अब उनलाई हिँड्न फ्रेम चाहिन्छ । उनलाई पछिल्लो पटक सार्वजनिक स्थानमा ह्विलचेयरमा मात्रै देखिएको छ । ‘उनलाई असाध्यै अप्ठेरो लाग्छ, एकान्त मनपर्छ,’ उनका छोरा इडिन्होले टिभी ग्लोबललाई जानकारी दिए ।

पेलेले आफ्नो २१ वर्षको करियरमा १ हजार ३ सय ६३ खेलमा १ हजार २ सय ८ गोल हानेर विश्व रेकर्ड राखेका छन् । ब्राजिलका लागि ९१ खेलमा उनले ७७ गोल हानेका छन् । पछिल्लो समय उनको स्वास्थ्यबारे सबैले चिन्ता व्यक्त गरिरहेका छन् । सन् २०१५ मा उनको प्रोस्टेट शल्यक्रिया भएको थियो । त्यसको ६ महिनापछि उनलाई पुनः अस्पताल भर्ना गरिएको थियो ।

‘एकपटक सोच्नुहोस् त, उनी राजा हुन्, उनको व्यक्तित्व सधैं उत्कृष्ट रहँदै आएको छ र अहिले उनी राम्रोसँग हिँड्न पनि सक्दैनन्,’ इडिन्होले बताए । ‘उनलाई लाज लाग्छ, उनलाई घरबाट बाहिर निस्कनै मन लाग्दैन, कसैले देखोस् भन्ने चाहँदैनन् र घरबाहिर हुने काममा सरिक हुनै चाहँदैनन्,’ उनका छोराले जानकारी दिए ।

## भारतविरुद्ध न्युजिल्यान्डको क्लिन स्विप

■ एजेन्सी

न्युजिल्यान्ड । भारतविरुद्धको एकदिवसीय अन्तराष्ट्रिय सिरिजमा घरेलु टोली न्युजिल्यान्डले क्लिन स्विप गरेको छ । माउन्ट माउन्गानुइमा मंगलबार भएको तेस्रो तथा अन्तिम खेलमा भारतलाई ५ विकेटले पराजित गर्दै घरेलु टोलीले सिरिज ३-० ले क्लिन स्विप गरेको हो । भारतले दिएको २ सय ९७ रनको लक्ष्य न्युजिल्यान्डले ४७ ओभर १ बलमा ५ विकेट गुमाएर पूरा गर्यो । न्युजिल्यान्डको सहज जितमा तीन खेलाडीले अर्धशतक पूरा गरे ।

उसको हेनरी निकोलसले सर्वाधिक ८०, मार्टिन गप्टिलले ६० र कोलिन डी ग्रान्डहोमए ५८ रनको अविजित अर्धशतकीय इनिङ्स खेले । यस्तै टम लाथमले अविजित ३२, कप्तान केन विलियाम्सन २२ रनको योगदान गरे । भारतका युजभेन्द्र चाहलले ३ तथा शार्दूल ठाकुर र रवीन्द्र जडेजाले समान १-१ विकेट लिए । यसअघि टस हारेर पहिले ब्याटिङ गरेको भारतले ५० ओभरमा ७ विकेट गुमाएर २ सय ९६ रन बनाएको थियो । भारतका लोकेश राहुलले शतकीय इनिङ्स खेले । राहुलले ९ चौका र २ छक्काको मद्दतमा १ सय १२ रन बनाए ।

यस्तै श्रेयस आयरले ६२ रनको अर्धशतकीय इनिङ्स खेल्दा मनिस पाण्डेले ४२ र पृथ्वी शले ४० रनको योगदान गरे । न्युजिल्यान्डका हमीस बन्नेटले ४ विकेट लिए । यसअघि ५ खेलको टी-ट्वान्टी अन्तर्राष्ट्रिय सिरिज भने भारतले क्लिन स्विप गरेको थियो ।



## बेलायत म्याराथनमा पोखराका विजेताले भाग लिने




■ सौर्य समाचार

पोखरा । सफल पोखरा म्याराथनको विजेताले बेलायतमा आयोजना हुने म्याराथनमा भाग लिन पाउने भएको छ । भूतपूर्व खेलाडी मञ्चको आयोजनामा पोखरा म्याराथन शनिबार हुँदैछ ।

म्याराथनको विजेतालाई बेलायतमा आयोजना हुने कुनै एउटा म्याराथनमा सहभागी गराउने जिम्मा भने पोखरेली मञ्च यूकेले लिएका छन् । म्याराथनलाई सफलता पार्नका लागि मञ्च यूकेका अध्यक्ष मनबहादुर गुरुङसहित झन्डै २० जनाको टोली पोखरा आइसेको छ ।

विजेतालाई बेलायत म्याराथनमा सहभागी हुन लाग्ने सबै खर्च मञ्चले बेहोर्ने अध्यक्ष गुरुङले जानकारी दिए । दुई वटा कारणले विजेतालाई बेलायतमा आयोजना हुने म्याराथनमा सहभागी गराउने लक्ष्य रहेको उनले बताए ।

‘एउटा त पोखरा म्याराथनमा सहभागी हुने हरेक खेलाडीले बेलायतमा गएर प्रतिस्पर्धा गर्न पाउने भएकाले त्यसलाई अवसरका रुपमा ग्रहण गरुन् भन्ने हो,’ मञ्चका अध्यक्ष गुरुङले भने, ‘ अर्को अहिले भ्रमण वर्ष २०२० चलिरहेको छ । एउटा नेपाली धावकले बेलायतमा आफ्नो देशको बारेमा प्रचार गरून् भन्ने उद्देश्य हो ।’

उनले पोखरा म्याराथनलाई अन्तर ाष्ट्रिय स्तरमा प्रचार गर्नका लागि पनि यो प्रयास गर्न लागिएको बताए । पोखरेली मञ्चका अध्यक्ष गुरुङले बेलायतमा लन्डन म्याराथनबाहेक अन्य सिटी म्याराथन पनि हुने त्यसमध्ये कुनै एकमा पोखरा म्याराथनका विजेतालाई भाग लिने व्यवस्था मिलाइने बताए ।

‘लन्डन म्याराथनका लागि यो वर्ष सम्भावा भएन । सम्भवत यो वर्ष साउथ ह्याम्टनमा आयोजना हुने म्याराथनमा भाग दिलाउने प्रयाग गर्नेछौं,’ उनले भने, ‘अर्को वर्षदेखि हामी लन्डन म्याराथनकै लागि प्रयास गर्नेछौं । त्यसले गर्दा त्यहाँ हाम्रो देशको कुनै न कुनै रुपमा प्रचार पनि हुनेछ ।’

म्याराथनले देशको पर्यटन व्यवसायमा पनि सहयोग पुग्ने उनको विश्वास छ । शनिबार आयोजना हुने म्याराथनमा अधिकांश तयारी पूरा भएको आयोजक मञ्चका अध्यक्ष तेज गुरुङले जानकारी दिए ।

सुजना इन्टरनेशनल मिडिया प्रा.लि. द्वारा प्रकाशित । कार्यालय: पानीपोखरी, काठमाडौं … इमेल: info@souryadaily.com मुद्रण: … निर्देशक: … प्रधान सम्पादक: बोधराज त्रिपाठी